

# ANA Sandesh

A Quarterly Publication of the Association of Nepalis in the Americas (ANA)

*November 2021*

## *यस अंक भित्र*

अध्यक्षको संदेश ................विजयराज भट्टराई

विगत र आगतमा हाम्रो महान् चाड दशैं ....लक्ष्मीधर गुरागाईं

मेरो दूर्गापूजा : फर्केर हेर्दा ..................विश्वराज अधिकारी

मेरो दशैं , हिजो र आज ! ..................निर्मला राइ

गजल ..........बिटु के सी

लघुकथा : हजुरबाको दसैँ ..........खेमराज पोखरेल

मलाई दशैँ मन पर्दैन ..................सपना घिमिरे


ह्याप्पी दशैं यार ..................कल्पना तामांग

मेरी छोरी र दसैं ..................भारती गौतम

दशैं, सम्झनाको आँखीझ्यालबाट ...............सुशील नेपाल

दशैँको बालुवा र बागमती ..........प्रमोद अमात्य





Follow Us on

# ANA Sandesh

*(Volume 38, Number 2, November 2021)*

## Table of Contents



| Items | Author | Page No. |
|---|---|---|
| अध्यक्षको संदेश | विजयराज भट्टराई | 3 |
| विगत र आगतमा हाम्रो महान् चाड दशैं | लक्ष्मीधर गुरागाईं | 4 |
| मेरो दूर्गापूजा : फर्केर हेर्दा | विश्वराज अधिकारी | 8 |
| मेरो दशैं , हिजो र आज ! | निर्मला राइ | 9 |
| गजल | बिटु के सी | 10 |
| लघुकथा : हजुरबाको दसैँ | खेमराज पोखरेल | 10 |
| मलाई दशैँ मन पर्दैन | सपना घिमिरे | 11 |
| ह्याप्पी दशैं यार | कल्पना तामांग | 13 |
| मेरी छोरी र दसैं | भारती गौतम | 15 |
| दशैं, सम्झनाको आँखीझ्यालबाट | सुशील नेपाल | 20 |
| दशैँको बालुवा र बागमती | प्रमोद अमात्य | 22 |



***Disclaimer:** Articles published in this issue of ANA Sandesh are the personal thought of the Authors. The Publication Committee is not responsible for it's content.*

समय कति परिवर्तनशील छ। अमेरिकामा ने नेपालीहरुको आउनेक्रम मात्र हैन संस्थागत विकासक्रम हेर्ने, सुन्ने हो भने दन्त्यकथा जस्तो लाग्छ। तर आज हामी त्यही यथार्थता मा छौं।



सन १९७० को दशक देखि नेपालीहरुको अमेरिका यात्रा क्रमश: बढ्न थाल्यो। नेपालीहरुको बृद्दि संगै उत्तरी अमेरिकामा रहेका नेपालीहरुको निमित एउटा संस्थाको महसुस गरियो। अनि अमेरिका र क्यानाडा दुवै मुलुकका नेपालीहरुलाई प्रतिनिधित्व गर्ने संस्था निर्माण भयो सन् १९८३ मा। यस संस्थाको नाम Association of Nepalis in the Americas (ANA) राखियो।

ANA ले अमेरिकी राष्ट्रिय स्वतन्त्रा दिवसको दिनलाई ANA महोत्सवको रुपमा स्थापना गर्यो र सिङ्गो उत्तरी अमेरिकामा रहेका नेपालीहरुको परिवार सहित विदा मनाउने रमाइलो गर्ने (Vacation Festival) दिनका का रुपमा एएनए सम्मेलन बिकास भयो। यसले अमेरिका भरी रहेका नेपालीहरुलाई एउटा सिङ्गो प्लेटफर्मको रुपमा बिकास गर्यो।

समय क्रममा एएनए का यिनै सम्मेलनहरुमा आयोजना गरिने धेरै फोरमहरु पछि आफैमा नयाँ संस्थाका रुपमा विकास भए। अहिले झण्डै ५००-६०० को हाराहारीमा संस्थाहरु अमेरिकामा सामाजिक गतिविधिमा सक्रिय छन्। यो सक्रियता संगै सामाजिक बैमनैश्यता पनि बढेको सहज महसुस गर्न सकिन्छ।

जुनबेला नेपालीहरु श्रोत, साधन, जानकारी र समन्वय सवै कुराको अभावमा छट्पटिएका थिए त्यसवेला को साथी हो एएनए। फुटकर कार्यक्रम बाहेक, जुलाई ४ को सप्ताहान्त मा गरिने बार्षिक मूल कार्यक्रममा भागलिन ६ महीना पैले देखि टिकट बुक गरेर बस्ने गरेको पूर्वज अगुवाहरु बताउनु हुन्छ।

त्यतिखेर देखि अहिले सम्म यसको मूख्य उद्द्येश्य भनेकै ४ वटा छन। तर बदलिदो समय अनुसार यसको कार्यान्वयनमा भने परिमार्जन हुदै आएको छ।

पहिलो - पूर्णत कला, साहित्य र सांस्कृति को जगेर्ना गर्नु हो। अमेरिका मा रहेका नेपाली बालबच्चालाई हाम्रो कला, साहित्य र संस्कृतिको पुस्तान्तरण गर्नु। आफ्नो सांस्कृतिक पक्षका बारेमा हाम्रा नयाँ पुस्तालाई जानकारी गराउनु। यसका निमित्त स्थानीय संघ संस्था संग समन्वय गरि साहित्यिक, साँस्कृतिक कार्यक्रम संचालन गदै आइरहेको छ।

दोश्रो - पूर्णत शिक्षा र सूचना संबन्धि कार्यक्रम हो। यसका निमित्त एएनए ले बेला-बेलामा बिभिन्न फोरमको मार्फतबाट नेपाललाई सहयोग गर्न सकिने अथवा अमेरिकामा रहेका नेपालीहरुलाई उपयोगी हुने दुवै खालका फोरम गर्दै आइरहेको छ। हरेक बर्ष गरिने नेपाल फोरम तथा हाले क्यानाडा मा भएको नेपालको उच्च शिक्षामा डायस्पोराका नेपालीहरुको भूमिका भन्ने अन्तराष्ट्रिय सम्मेलन जस्ता कार्यक्रमको आयोजना गरिदै आएको छ।

तेश्रो - खेलकुद तथा मनोरंजन का माध्यम बाट उत्तरी अमेरिका भरी रहेका नेपालीहरु बीच भातृत्वको बिकास गर्नु र सके सम्म धेरै नेपालीहरु एउटै छाना मुनि भेला भइ आत्मीयता को बिकास गर्नु। अमेरिका भरिका नेपाली खेलाडीहरुलाई समेटेर बिभिन्न खेलकुद को आयोजना गर्दै आएको छ।

चौथो - नेपालमा परेका हरेक दैवी तथा अन्य सहयोग गर्न सकिने क्षेत्रमा सहयोग जुटाउनु र सहयोग गर्नु। भूकम्प जादा, बाढी आउदा र नेपालको दुर्गम जिल्ला बझाङ्गमा बझाङ्ग फाउण्डेसन मार्फत एएनए ले धेरै सहयोग गरेको छ।

तर, यहाँ एउटा कुरा के स्पष्ट हुन जरुरी छ भने एएनए पुरै नर्थ अमेरिका 'सेन्ट्रीक' संस्था हो। यसले अमेरिकामा रहेका नेपालीहरुलाई समेटेर, उहाँहरुलाई कसरी स्थापित गराउने भन्नेमै बढ्ता फोकस गर्छ।एएनए विधान अनुसार नेपालमा हामी सामाजीक कामहरु गर्छौं, सहयोग गर्छौं। तर हामी सिधै गर्दैनौं। बिभिन्न पार्टनर संस्थाहरु मार्फत नेपालमा सामाजीक कामहरु गर्छौं।

असत्य माथि सत्यको विजय भएको उत्सवको रुपमा मनाइने बडा दशैं, सम्पूर्ण अध्यारोहरुलाई नाशेर उज्यालोको उत्सव मनाइने दीपावली लगायत छठ र नेपाल सम्बतको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपालीहरुमा प्रवासमा नेपालीहरुको निमित्त माथि उल्लेखित चार उद्देश्य पूरा गर्न तर्फ लाग्न सवैलाई अभिप्रेरणा मिलोस भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।

विजयराज भट्टराई

अध्यक्ष, ए.एन.ए.

आफ्नै अनुभूति

# विगत र आगतमा हाम्रो महान् चाड दशैं



– लक्ष्मीधर गुरागाईं

**म सानो छँदाको दशैं**

म सानै छँदाको कुरा हो । दशैंको नाम लिनासाथ हामी केटाकेटी पुलकित हुन्थ्यौं । हुनपनि हामी बा र दुईजना आमाका एक दर्जन छोराछोरीमा आठ छोरा र चार छोरी हुनाले घरमा सधैं चहलपहल हुन्थ्यो । आमा दुई भएपनि माया एकै थियो । त्यसैगरी काकाका चारजना छोराछोरी पनि चाडबाडका दिन हामी सँगै हुन्थे । हजुरबा , हजुरआमा , बाआमा , काकाकाकी र हामी सोह्रजना सन्तानले घरमा हाँसो , ठट्टा , खेलाबेला असीमित हुन्थ्यो ।

हामी केटाकेटीहरु असार साउनको चुहिंदो झरीबादलदेखि नै दशैं कहिले आउला र मिठोमिठो खान र राम्रा राम्रा लुगा लगाएर रोटे र लिंगे र जाँते पिङ खेल्न र मामाघर गएर टीका लगाई दक्षिणा हातपार्ने कुरामा मग्न हुन्थ्यौं ।

आमा बापनि दशैं नजिकै आउन थालेपछि केटाकेटीलाई दशैंका लुगा किन्न धरान पिरुलाल मारबाडीकहाँ जाने सल्लाह गर्नु थाल्नुहुन्थ्यो । उहाँहरुले दशैंको किनमेल गर्ने कुरा सुनेपछि राम्रा लुगा पाउने आशामा फुरुंग हुन्थ्यौं ।

कमला दिदी भन्थी “ सुनिस् , आउने शन्सरबार बाआमा दशैंका लुगा र खसी किन्न धरान जाने रे !”

“यसपाली त बाआमासित दशैंका लुगा र खसी किन्न जाँदा म पनि धरान जान्छु ।” यसपाला मेरो पालो म भन्थें ।

कमला दिदी मलाई लोप्पा खुवाउँदै भन्थी “ पोहोर पनि तँ गएको होइनस् ? यसपालि त बाआमासित दशैंका लुगा किन्न म जाने बाबै ! मेरो पालो । ”

त्यही कुरामा हामी दिदीभाइको कहिले त हात हालाहालको स्थिति हुन्थ्यो । दशैं नजिकिंदै गरेपछि बाआमा पालोपालो छोराछोरीलाई लिएर धरान गएका , दशैंका लागि परिवारका सबै सदस्यलाई लुगा किनेका , एउटा घोर्ले खसी किनेका दिन हामी दाजुभाइ दिदीबहिनी रात भरि सुत्न नसक्ने कस्तो खुसीयाली हुन्थ्यो ।

दशैंमा ल्याएको खसीलाई घाँस कसले खुवाउने र दाना कसले खुवाउने , चराउन कसले लाने र त्यसलाई दशैंसम्ममा बलियो बनाउने भनेर हाम्रो तँछाड मछाड चल्थ्यो ।

दशैंको कल्पनाले कहिले त रातभरि निद्रा पनि लाग्दैन थियो ।

दाजुदिदीहरु अघिल्लो वर्ष टीका लगाएर कमाएको पैसाको कुरा गर्दथे । त्यो सुनेर हामी मसिनाहरु मुख मिठ्याउँथ्यौं ।

हाम्रा दुईजना दाजु र दुईजना दिदी मभन्दा अलि ठुला हुनुहुन्थ्यो । मभन्दा साना पाँचजना भाइ दुईजना बहिनी थिए । उनीहरु सानै थिए ।

मेरा दुइजना बहिनीलाई घुँडामुनी पुग्ने फ्रक र हामीलाई घुँडामुनिसम्मको कमिज र सुरुवाल सिलाइन्थ्यो ।

फुलपातीका दिन घरमा खसी ढालिन्थ्यो । खसी ढालेका दिन हाम्रो खुसी चुलिन्थ्यो । हाम्रो चुरीफुरी नै थामिसक्नु हुँदैनथियो । सुरुमा पोलेका कानको एक टुक्रो चबाएर खसीको भुटनसित भर्खर कुटेका चिउरा मिसाएर चुरुमचुरुम स्वाद लिंदा स्वर्गमा त यहाँभन्दा मीठो के खान्छन् होला र भन्ने सोचेको रमाइलो क्षण आज पनि बिर्सन सकिंएको छैन । मासु र चिउरा खाइसकेपछि सबैले दशैंका नयाँ लुगा लगाएर तीनपैनी बजार परिक्रमा गर्न जाँदाको आनन्द बिर्सिनसक्नुको हुन्थ्यो । गाउँका साथी रघु , नवराज , टीका , गणेश, भानु , डल्लीहरुलाई आफ्ना नयाँ लुगा देखाउन पाउँदाको शान बेग्लै हुन्थ्यो ।

फूलपातीको एक दिन हाम्रा माइला दाजुले काकासित सोध्नुभयो “ काका, यो दशैंका विषयमा हामीलाई धेरै थाहा छैन । बरु हामी सबैलाई बताइदिनुहोस् न । ”

दाजुका कुरा सुनेर हाम्रा काकाले भन्नुभयो “माइलाले आज सबैले जान्ने पर्ने कुरा सोधेको छ । तिमीहरु ध्यान दिएर सुन दशैंका विषयमा म तिमीहरु सबैलाई महत्वपूर्ण कुरा सिकाइदिन्छु । कुनै कुरा बुझेनौ भने चाहिं प्रश्न गर्नु । ”

यति भनेर काकाले भन्नुभयो –

“ दशैं नेपालीहरूको प्रमुख चाड मानिन्छ । आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म (नवरात्रभर) शक्तिको आराधना गरी दशौँ दिन विहान अथात् विजया दशमीका दिन आफ्ना मान्यजनहरूको हातबाट टीका-प्रसाद ग्रहण गरेर दश दिनसम्म मनाइने चाड भएको हुनाले यसलाई दशैं भनिएको हो । ”

काकाले फेरि भन्नुभयो –

“आश्विन शुक्ल प्रतिपदाको दिनलाई घटस्थापना भनिन्छ । यसदिन नदीको चोखो बालुवा ल्याएर त्यसमा जमरा र जलको पवित्र घडासमेत राखी नवमीका दिनसम्म नवरात्र विधिले प्रत्येक दिन फरक देवीहरू शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघन्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्री, महागौरी, सिद्धिदात्री गरी नौजना देवीहरुको पूजा अचर्ना गरिन्छ ।

नवदुर्गाको पूजा गर्दै सप्तशती (चण्डी) पाठ गरी नव दुर्गा र त्रिशक्ती महाकाली, महालक्ष्मी र महासरस्वोतिको विशेष पूजाआजा र आराधाना गर्ने गरिन्छ। विजया दशमीका दिन माता दुर्गा भगवतिले दानवी शक्तिमाथि र त्रेतायुगका पुरुषोत्तम पुरुष श्रीरामले अत्याचारी रावणको वध गरी विजय हासिल गरेको दिनको सम्भ्कनास्वरुप खुसीयालीमा नवदुर्गा भवानीको प्रसाद स्वरुप रातो टीका र जमरा लगाउने चलन छ।

आश्विन शुक्ल दशमी अर्थात् विजया दशमी यस पर्वको प्रमुख दिन मानिन्छ। सत्य युगमा महिषासुर राक्षसले देवताहरुलाई दुःख दिंदा भगवतीले दुर्गाको अवतार लिएर दुष्ट राक्षसको वध गरेको र त्रेतायुगमा भगवान् श्रीरामचन्द्रले लंकाका राजा रावणको नाश गरेकाले यसलाई असत्य माथि सत्यको विजयको रूपमा लिइन्छ। यही कारणले यस दिनलाई विजया दशमी भनिएको हो भन्ने मान्यता रहँदै आएको छ ।

आफन्त नातेदार मानिसहरु आफ्ना मान्यजनका हातबाट टीका जमरा थापेर आशीर्वाद माग्न टाढाटाढाबाट आउने हुनाले सबैका सुविधाका लागि पूर्णिमाका दिनसम्म टीका लगाउने चलन रहेको छ। वरपरका मानिसलाई समेत सजिलो होस् भन्ने हेतुले यो कार्य नेपालका अधिकांश क्षेत्रमा पूर्णिमा सम्म गरिन्छ भने कुनैकुनै क्षेत्रमा विजया दशमीका दिन नै समाप्त गरिन्छ। आ ँना नाता कुटुम्ब ठुला बडा र मान्यजनबाट टीका तथा जमरा लगाउने र आशीर्वाद प्राप्त गर्ने नयाँ नयाँ कपडाहरू लगाउने, आ ँनो क्षमता अनुसार मिठो खाना खाने-ख्वाउने, घर आँगन, बाटोघाटो, गाँउ बस्तीको सरसफाइ गर्ने जस्ता कार्यले वातावरणीय दृष्टिले पनि यस पर्वको महिमा रहेको देखिन्छ। "

ठुल्दाजुले प्रश्न गर्नुभयो "काका यो दशैं हाम्रो देशमा मात्रै मानिन्छ कि अरु देशमा पनि मानिन्छ ? "

ठुल्दाजुको प्रश्न सुनेर काकाले भन्नुभयो "ठुलेले राम्रो कुरा सोधेको छ। म त्यो पनि प्रष्ट पारिदिन्छु। "

काकाले फेरि भन्नुभयो – " विजयदशमी अर्थात् दशैं भगवान् रामको विजयको रूपमा मनाइयोस् अथवा महिषासुरको अत्याचारले आजित भएका देवताहरुको रक्षाका लागि भगवती दुर्गा प्रकट भएर महिषासुरको हत्या गरी धर्मको स्थापनार्थ गरिएको दुर्गा पूजाको रूपमा किन नहोस् यो शक्ति-पूजाको पर्व हो।

यो दशै हातहतियारको समेत पूजनको पर्व हो । घटस्थापनाका दिनदेखि आफ्ना हतियारहरुको पनि पूजा गरिन्छ। प्राचीन कालमा राजाहरुले युद्धमा प्रयोग गरिने हतियारहरु यस बेला पूजा गदा शत्रुलाई सजिले परास्त गर्न सकिन्छ भनेर हतियार पुजन गर्ने प्रचलन थियो। यो हर्ष उल्लास र विजयको पर्व हो। हिन्दु संस्कृति वीरताको पूजक अनि शौर्यको उपासकका रुपमा प्रसिद्ध संस्कृति मानिन्छ। साथै यस पर्वले दश प्रकारका पापहरू- काम, क्रोध, लोभ, मोह मद, मत्सर, अहङ्कार, आलस्य, हिंसा र चोरी जस्ता कुरालाई त्यागेर सच्चा मानव बनी बाँच्ने र बचाउने प्रेरणा पनि प्रदान गर्दछ भन्ने शास्त्रका मर्मज्ञहरु बताउँछन्। "

काकाले भन्नुभयो

" नेपाल एउटा कृषिप्रधान देश हो। जब कृषक आ ँनो खेतमा सुनौलो फसल उमारेर अन्न रूपी सम्पत्ति खेतबारीमा लहलह भएर बढिरहेको हुन्छ तब किसानहरुको हर्षको सीमा हुँदैन। यस खुसीको अवसरमा भगवानको कृपा मानेर कृतज्ञता प्रकट गर्न दुर्गाभवानीको भक्तिपूर्वक पूजा गर्दछन्। "

दशैं नेपालीहरूको सबैभन्दा विशेष पर्व मानिन्छ। नेपाली हिन्दु पात्रो अनुसार आश्विन शुक्ल प्रतिपदादेखि दशमीसम्म १० दिनसम्म पूजापाठ, व्रत र उत्सवकासाथ मनाइने चाड भएको हुनाले नै यसलाई दशैं वा 'विजया दशमी भनिएको हो। "

माल्दाजुले फेरि प्रश्न गनुभयो , " काका दशैंका विषयमा त हामीले धेरै कुरा बुभ्क्यौं तर एउटा कुरा बुभ्कन सकेका छैनौ। "

"कुन कुरा बुभ्कन सकेनौ ? " काकाले प्रतिप्रश्न गर्नुभयो।

माइलादाइले भन्नुभयो "हामीलाई हजुरबाले , बाआमा र तपाई र काकीले टीका लगाउँदा के के भन्नुहुन्छ नि त्यो के भनेको हो ?"

काकाले भन्नुभयो –

"दशैंमा मान्यजनले आफूभन्दा सानालाई टीका लाउँदा आशीष दिने चलन छ, त्यो आशीष यस्तो छ :-

**आयू द्रोणसुते श्रीयो दशरथे शत्रुक्षयं राघवे।**
**ऐश्वर्यं नहुषे गतिश्च पवने मानञ्च दुर्योधने।**
**दानं सूर्यसुते बलं हलधरे सत्यञ्च कुन्तीसुते।**
**विज्ञानं विदुरे भवन्तु भवतां कीर्तिश्च नारायणे॥** "

"काका यो आशीषको अर्थ केहो ?" सबैभन्दा ठुली दिदीले जिज्ञासा राखेपछि काकाले बिस्तारै भन्नुभयो –

"द्रोणाचार्यका छोरा अस्वत्थामाको जस्तो आयु , दशरथ राजाको जस्तो श्रेय प्राप्त होस्, भगवान् श्रीरामका जस्ता शत्रु नाश हुन्, नहुष राजाको जस्तो ऐश्वय होस् , पवनपुत्र हनुमानको जस्तो गतिशीलता, दुर्योधनको जस्तो मान, सूर्यपुत्र कर्णको जस्तो दानवीरता, हलधर बलरामको जस्तो बल, कुन्तीपुत्र युधिष्ठिरको जस्तो सत्यवादिता, विदुरको जस्तो ज्ञान र भगवान् नारायणको जस्तो कीति प्राप्त होस् भनी मान्यजनबाट आशीर्वचन दिइन्छ। "

"धन्यवाद काका , दशैंका विषयमा धेरै महत्वपूर्ण कुरा सिक्न पायौं । " दिदीले भन्नुभयो ।

"तिमीहरुलाई कुनै कुरा सिक्नुपरेमा पछि पनि म सिकाइहाल्छु नि । ध्यान दिएर सुनिदिएकामा तिमीहरुलाई पनि धन्यवाद ! "

म सानै छँदा त्यसरी दशैं मानिन्थ्यो । नजानेको कुरा अरु बाट सिक्ने चलन थियो । त्यसबेला दशैं मानेको प्रसंग आज पनि मानसपटलमा ताजा छ ।

**मेरा जागिरे जीवनको दशैं**

महेन्द्र मोरङ कलेज बिराटनगरबाट बी ए र धनकुटा क्याम्पसबाट बी.एड. उत्तीर्ण गरेपछि एम.ए. पढ्न म २०३८ तिर र ाजधानी काठमाडौं छिरें ।

आफ्नो एम.ए. स्तरको अध्ययन पूरा भएपछि म काठमाडौंमै बसोवास गर्न थालें । माध्यमिक विद्यालय , क्याम्पस हुँदै विभिन्न कलेजमा पढाउने काम प्रारम्भ भयो । बिस्तारै घट्टेकुलोमा एउटा सानो घरबासको व्यवस्था भयो ।

छोरी साधना सानी छँदा दशैं आएपिच्छे रात्रिवस चढेर हामी इटहरी जान्थ्यौं । इटहरुबाट तीनपैनीको घर पुग्न एकघण्टा पूरा हिंड्नु पर्दथ्यो । मेरी पत्नी झोला बोक्थिन् म छोरीलाई काँधमा बोकेर लमकलमक घरतिर जाँदै हुन्थ्यौं । दशैं मनाउन गाउँ फर्कनेहरुको भीडभाड हुन्थ्यो हाम्रा गाउँमा ।

छोरी साधना तीनचार वर्षकी हुँदी हो , उसलाई लिएर घर गएका बेला एकदिन उसले आफ्ना सानो औंलाले पर देखाउँदै भनी "ड्याडी, ड्याडी सिङ भएको कुकुर , सिङ भएको कुकुर ! " हाम्रो घर मा हाँसोको पर्रा छुट्यो । किनकि ऊ टाट्नामा बाँधेको दशैंको खसीलाई सिङ भएको कुकुर भनिरहेकी थिई ।

मैले उसलाई सम्झाउँदै भने "त्यो कुकुर होइन , खसी हो । चिची खाने खसी ।"

छोरी साधनाले खसीको मासु त खाएकी थिई तर उसले जिउँदो खसी देखेकी थिइन । त्यो सिङ भएको कुकुर त्यसैको परिणति थियो ।

दशैंमा राजधानी काठमाडौं रित्तो हुन्थ्यो । बाहिरका मानिस जति चारभन्ज्याङ काटेर हिंडेपछि काठमाडौं ज्यादै सुनसान हुने गर्दथ्यो ।

दशैंमा घर जाँदा दशैंमा टीका लगाउँदा चाहिने नयाँ नोट , आमाबालाई , भाइबुहारी र भतिजालाई समेत दशैंका लुगा लिएर जान्थ्यौं । घर पुग्दा परिवारका सदस्यका अनुहारमा देखपर्ने खुसी वर्णन गर्न नसकिने खालको हुन्थ्यो । गाउँका बाल्यकालका साथीभाइसितको भेटघाट , विद्यालयस्तरमा पढाउने गुरुवर्गसँगको सामीप्यताले मनलाई हदैसम्मको आनन्द दिन्थ्यो । तर त्यस वर्ष दशैंमा जाँदा कसैसित भेटघाट भएन ।

मैले बालाई सोधें "बा अचेल गाउँमा लिंगेपिङ , रोटे पिङ , जाँते पिङ कसैले हाल्दैनन् ? "

मेरा प्रश्न सुनेर बाले बिस्तारै भन्नुभयो "गाउँमा मरिमराउ हुँदा लाश उठाउने मानिस त कोही छैनन् , कोही काठमाडौंतिरै जागिर खाएर बस्ने छन् , उतै घरबार जोडिसके , कोही वैदेशिक रोजगारीमा खाडी मुलुकतिर छन् , कोही माओवादी बनेर जंगल पसेका छन् । कोही प्रहरी कोही आर्मीमा भर्ती भएर गएका छन् । "

मैले भने "ए , अनि माओवादीले यतै त केही गर्दैनन् नि ? "

मेरो जिज्ञासामा बाले भन्नुभयो "बाहिरबाट कोही मानिस आएको थाहा पाएभने उनीहरु चन्दा माग्न हुलका हुल आउँछन् , दिएनन् भने अपहरण गर्ने धम्की दिन्छन् । त्यसैले तिमीहरु घरबाहिर देखा नपर्नु नि ।" बाले निन्याउरो अनुहार लगाएर भन्नुभयो ।

बाका कुरा सुनेर हामी घरभित्र पस्यौं ।

"दशैंका बेला पहिलेपहिले त रातभरि ढिकीमा चिउरा कुट्थे , आज राति त कतै ढिकी कुटेको पनि सुनिएन । के अचेल दशैंमा चिउरा खाँदैनन् बा ? " मेरो जिज्ञासा सुनेर बाले भन्नुभयो "गाउँ नै पिच्छे अचेल चिउरा कुट्ने मिल छन् , हिजोआज कसैका घरमा ढिकी , जाँतो नै छैनन् । गाउँ पहिले तँ सानो छँदाजस्तो कहाँ छ र ! "

मनभित्र अव्यक्त आतङ्कले घर गऱ्यो । पहिले पहिले यही गाउँमा कस्तो उन्मुक्त चरा उडेजस्तो हामी जहाँ पनि जान्थ्यौं । तर आज हाम्रो गाउँ कस्तो अनौठो भएछ । मसँगैका साथीपनि माओवादी बनेर हिंडेछन् ।

बाले भन्नुभयो "चिन्दै नचिनेका भन्दा पहिलेदेखि चिनेका माओवादी खतरा हुन्छन् , त्यसैले बाहिर देखा नपर्नु ।"

आमाले पनि बिस्तारै भन्नुभयो "टीकाका दिनसम्म भित्रै बस्नु , टीका लगाइसकेपछि हिंडिहाल्नु , यहाँ बसिरहन हुँदैन । ढकालको छोरो सुबे नै यस ठाउँको कमाण्डर भएको छ रे । "

टीका लगाइसकेपछि हामी काठमाडौंतिर बाटो लागिहाल्यौं । बाटाभरि म सोचिरहेको थिएँ , कुनैदिन राज्यले विद्रोहीहरुसित सम्झौता गर्ला र फेरि उन्मुक्तरुपमा दशैं मनाउँला भन्ने सोच्दै बाटो लागियो ।

## अमेरिकामा दशैं

नेपालदेखि १२ हजार ७ सय ५५ किलोमिर टाढा रहेको अमेरिकामा पनि हामीले चारवटा दशैं मनाउन पाएका छौं । हाम्रा ज्वाइँसाहेब प्रकाश लुईंटेलले मलाई दिनुभएको जानकारी अनुसार अमेरिकाका ५० ओटै राज्यमा नेपालीहरुको बसोवास रहेछ । नेपालीको बस्ती कुनै राज्यमा बढी र कुनैमा घटी रहेछ । नेपालीको संख्या बढीभएका ठाउँमा अमेरिकाका विभिन्न राज्यमा नेपालमै जसरी दशैं मान्ने चलन रहेछ । नेपाली बढी भएका ठाउँमा नेपाली नेपाली भेला भएर सामुहिक रुपमा दशैं मनाउने गरेको पनि पाइयो ।

हामीले पनि सन् २००९ , २०१६ , २०१९ का दशैं हामीले अमेरिकामा मनायौं । सन २०२१ को दशैं पनि अमेरिकाटेक्सास राज्यमा पर्ने ह्युस्टनको साइप्रस क्रिकभन्ने शहरस्थित हाम्री छोरी साधना , ज्वाइँ प्रकाश लुईंटेल , नाति प्रशम र सानी नातिनी शान्भीका साथमा मनाउने अवसर जुरेको छ ।

ज्वाइँछोरी र हामी मिलेर घटस्थापनाको अघिल्लो दिन घरको सरसफाइ गरेर घटस्थापनाका दिन आलमुनियम फोयलमा पवित्र ठाउँबाट बालुवा ल्याएर पूजा कोठामा विधिपूर्वक घटस्थापना गरी , जमरा राख्ने काम सम्पन्न गरियो । जमरा राखिसकेपछि नियमित दुर्गाकवक , अर्गलाश्तोत्र , किलक र चण्डी महानवमीका दिनसम्म पाठ गर्ने गरिएको छ । त्यो पाठ गर्ने काम विशेषतः हाम्री छोरीबाट हुने गरेको मा यसपाला हाम्रा नाति प्रशमले नवरात्रको पूजा गरिरहेका छन् । हाम्री छोरी र ज्वाइँसाहेबमा धर्म , संस्कृति र संस्कारप्रतिको मायाममता र स्नेह देख्दा हामी पुलकित हुन्थ्यौं ।

नेपालमा आफ्ना घरघरमा मनाईने दशै अमेरिकामा भने एकडेड घण्टाको ड्राइभमा बस्ने सबै नेपाली भेला भएर मनाउने गरिंदो रहेछ । अमेरिकामा आफ्ना घरमा मान्यजन हुनेले मान्यजनका हातबाट टीका थापी आशीष लिंदारहेछन् , अरुले अमेरिकामा भएका कसैका बाआमालाई मान्यजनमानेर टीका थापी आशीर्वाद लिने सुन्दर चलन अमेरिकामा देखियो ।

नेपालीको बाक्लो बस्ती रहेका ठाउँमा नेपालमा जस्तै दशैंको निकै नै चहलपहल देखिन्छ । नेपालमा जस्तै सपिङ्ग गर्ने, आफन्त मान्यजनहरुसँग भेटघाट गर्ने र ठूलाबडाबाट आर्शिवाद लिने चलनले यहाँ पनि निरन्तरता पाईरहेको छ । अमेरिकाका विभिन्न ठाउँमा नेपालीको बाक्लो बसोबास हुने राज्यहरुमा नेपाली शैलीका शिव , नारायण, कृष्ण र देवीका मन्दिर निर्माण गरिएको छ । आफ्नो घर नहुनेले घरमै जमरा राख्ने गदछन् भने अपार्टमेन्टमा बस्ने नेपालीले मन्दिरमा राखिएका जमरा टीकाका लागि लिने गरेको देखिन्छ । यहाँका देवीका मन्दिरहरुमा पनि पशु वलि दिन नपाइने हुनाले खसी , बोकाको मासु खान चाहनेले फर्म हाउसमा गएर खसी बोका रोजीरोजी किनेर त्यही कटाइ आआफ्ना घर लगेर दशैं मनाउने गरिन्छ । नेपालीहरु खसी बोका किन्न ठुलो संख्यामा आउँछन् भनेर फार्म हाउसहरुले दशैंका बेला धेरै खसीबोकाको जोहो गरेर राखेका हुन्छन् ।

अमेरिकाका न्यूयोर्क, मासाचुसेट, कनेक्टिकट, भजिर्निया, मेरील्याण्ड, डिसी, टेक्सस, ओक्लाहोमा, लुजियाना,इण्डियाना, केन्टकी, ˆलोरिडा, नर्थ क्यारोलाइना, साउथ क्यारोलाइना, क्यालिफोर्निया तथा नेभेडामा नेपालीहरुको संख्या बढी नै भएको अनुमान गरिन्छ । अमेरिकाका सबै राज्यमा झण्डै दुई लाख ५५ हजार जति नेपाली भएको अनुमान छ । त्यसको आधाजसो यहाँ विद्यार्थीहरु छन् भने बाँकी विभिन्न तह र तप्कामा का मगर्ने नेपालीहरुको संख्या उल्लेख्य छ । सबै राज्यहरुमा बसोबास गर्ने नेपालीहरुले आˆनो चाड पर्वलाई नेपालमा जस्तै मनाउने गर्दछन् । नेपालका जुन क्षेत्रबाट आएपनि यहाँ आएका नेपालीहरुमा ज्यादै मित्रवत सम्वन्ध रहेको देखिन्छ ।

अमेरिकामा स्थायी बसोबासको सुविधा पाएका नेपालीहरुले आˆनो आम(बुबालाई लिएर आउन मिल्ने भएको कारण कतिपयलेले त आफ्ना बाआमाका हातबाट दशैंको टीका लगाउने गर्दछन् भने कतिपयले मन्दिरका गुरुपुरोहित र ज्येष्ठ नागरिकबाट टीका थापी आशीर्वाद लिने चलन यहाँ दिनानुदिन बढ्दै गएको छ । दशैं मनाउन नेपालीहरु आपसमा भेला हुँदा पनि उनीहरुलाई नेपाल नै पुगेजस्तो झझल्को लागेर आनन्दको अनुभव आपसमा साटासाट गरिरहेका हुन्छन् ।

अमेरिकामा बालबालिकालाई सधैंको चिचीपापा र सधैं नयाँ लुगा लाउन पाउने हुनाले यहाँ हामीलाई बाल्यकालको जस्तो उत्सुकता नभएपनि सबै नेपाली भेला भएर दशैंमा रातो टीका र जमरा लगाउँदा निकै खुसी भएको देखियो ।

(लेखक **गोरखापत्र** दैनिकका पूर्व प्रबन्ध सम्पादक , **मधुपर्क**का पूर्व सम्पादक तथा **मुना** र **बालमञ्जरी** बालपत्रिकाका पूर्व सम्पादक र आरआर क्याम्पसका पूव प्राध्यापक हुन )

*****

# मेरो दूर्गापूजा : फर्केर हेर्दा

✍ **विश्वराज अधिकारी**

जीवन एक नदी हो । हामी बग्ने हो । जसरी नदी स्वयंलाई थाहा हुँदैन कुन कुन दिशा भएर बग्ने हो र कसरी बग्ने हो ! त्यसैगरी हामीलाई पनि थाहा हुँदैन हामी यो जीवनमा कहाँ कहाँ र कसरी बग्छौ, पुग्छौ । नदी जसरी समयसङ्ग सम्झौता गर्दै बग्छ , हामी पनि त्यसैगरी समयसङ्ग सम्झौता गर्दै बग्छौ । सतही रुपमा धेरैलाई लाग्न सक्छ नदीले पलपल बिद्रोह गरेको हुन्छ । तर सुक्ष्म दृष्टिले हेर्दा त्यो तथ्य नभएर नदीले सम्झौता गरेको हो र समय अनुसार र समयको निर्देशनमा बगेको हो । यस अर्थमा हामी पनि नदी नै हौं । समय हाम्रो निर्देशक हो। माथि दार्शनिक कुरा उद्देश्य सहित गरिएको हो । म स्वइच्छ्याले होइन समयको निर्देशनमा परदेशिएको हो । मलाई मेरो धरती, मेरो उच्छवास प्यारो छ, मेरो समाज प्यारो छ । समयले मलाई बगाएर अमेरिका पुर्याएको हो । घनघोर वर्षाले नदीलाई दिशा परिवर्तन गर्न बाध्य पारे झैं मलाई पनि समयले आफ्नो लन्चरबाट हुत्याएर आकाशबाट पाताल पुर्याएको हो। आकाश पातालको सन्दर्भलाई पनि प्रष्ट पारौं । नेपाल भूगोल अनुसार माथि छ भने अमेरिका ठ्याक्कै नेपालको मुनि छ । यसरी नेपाल आकाश हुन पुगेको छ भने अमेरिका पाताल हुन पुगेको छ।

तर यहाँ मैले गर्न खोजेको कुरा भने पृथक छ । कुरा पृथक भएता पनि यसले समयले मानिसलाई कहाँकहाँ पुर्याउँछ भन्ने यथार्थसङ्ग सम्बन्ध राख्छ ।

आफ्नो सम्पूर्ण परिवार सहित मेरो पिता देवराज उपाध्याय जागिर भएको स्थान रौतहट जिल्लाको सिम्रा भवानीपुर पुग्दा मेरो उमेर केवल पाँच वर्षको थियो । यो घटना २०२१ सालतिरको हो । त्यसबेला हाम्रो स्थायी घर भने सर्लाही जिल्लामा पर्ने छतौना गाउँमा थियो । पाठकवृन्द! मैले मेरो पारिवारिक गन्थन सुनाउन खोजेको भने होइन, है । मेरो पिता त्यहाँ पुगेपछि केही रोचक प्रशंग मात्र प्रस्तुत गर्न खोजेको हो। हामी सिम्रा भवानीपुरमा स्थायी रुपमा बस्न थाल्यौ । २०२१ सालपछि छतौना हाम्रो लागि गृह-गाउँ रहेन ।

सिम्रा भवानी गाउँ भरिमा केवल हाम्रो परिवारमा मात्र नेपाल भाषा बोलिन्थ्यो । हाम्रो मातृ भाषा नेपाली थियो तर गाउँका बाँकि सबै बासिन्दाहरूको बोलचाल र मातृभाषा बज्जिका भाषा थियो । हामी केवल परिवार भित्र मात्र नेपाली बोल्थ्यौ भने बाहिर बज्जिका बोल्थ्यौ । स्कूलमा पनि बज्जिका भाषा नै बोल्ने गरिन्थ्यो। संक्षेपमा भन्दा हामी पनि एक किसिमले बज्जिकाभाषी नै थियौ।

हामी बाजी संस्कार वा भनौ मधेसी संस्कारमा रंगिएका थियौं , कुनै कपडामा रंग लगाएझै । हामी पहाडे होइन मधेसी थियौं , बाजी थियौं । बाजी सस्कृतिमा हुर्केको हुनाले मलाई दशैं, टिका, जमरा भन्ने कुरा राम्रो गरी ११ वा १२ वर्षको उमेरपछि मात्र बोध भयो । यो कारणले गर्दा हामीलाई दशैंको बोध भन्दा पनि दूर्गापूजाको बोध बलियो गरि हुन्थ्यो। दूर्गापूजा तराइ , मधेसमा धुमधामका साथ मनाइन्थ्यो । अहिले पनि उस्तै किसिमले मनाइन्छ तर केही परिवर्तन सहित ।

त्यसबेला रौतहट जिल्लाका विभिन्न गाउँहरूमा दूर्गादिवीको माटोका मूर्तिहरू बनाउने गरिन्थ्यो । दूर्गादिवी लगायत अन्य देवी देवताहरूका मूर्तिहरू पनि बनाइन्थ्यो । खास सिप भएको व्यक्तिले मात्र त्यस्ता माटाका मूर्तिहरू बनाउँथे।

दूर्गादिवीको मूर्तिको पूजा अष्टमी, नवमी र दशमीको दिन विशेष किसिमले हुन्थ्यो । दशमीको दिन ठूलो मेला लाग्थ्यो । मूर्ति निर्माण भएको गाउँमा मेला हेर्न अन्य विभिन्न गाउँहरूबाट मेला हेर्नेहरू आउँथे । मेलामा कचरी, जिलेबी, सेबइ, बलसाही खुब बिक्री हुन्थ्यो।

हाम्रो गाउँ सिम्रा भवानीपुरमा पनि दूर्गादिवीको माटोको मूर्ति बन्थ्यो । दुर्गादिवीको मूर्ति बनाएर दूर्गापूजा मनाइन्थ्यो। दूर्गापूजामा हाम्रो गाउँमा ठूलो मेला लाग्थ्यो । मेला हेर्न अनेक गाउँहरूबाट विभिन्न व्यक्तिहरू आउँथे भने विक्रेताहरू पनि ठूलो संख्यामा मेलामा आफ्नो सामान बिक्री गर्न आउँथे । एक दिन लाग्ने सो मेलामा लुगाफाटा देखि, सिन्दूर, चुरा, खाद्य सामाग्री, खेलौना आदि बिक्री हुन्थ्यो ।

आफ्नो गाउँ (सिम्रा भवानीपुर) को मेला हेरिसकेपछि हामी छेउका गाउँहरूम पनि मेला हेर्न जान्थ्यौ र सोही दिन फर्केर आफ्नो गाउँको मेला रातिसम्म हेरेर खुब रमाउँथ्यौ । छेउको गाउँ डुमारियामा दूर्गापूजा-मेला हेर्न गएको मलाई अलिअलि याद छ ।

मैले मेरो वाल्यकालमा यसरी दूर्गापूजा मनाएको थिएँ । टिका र जमरा लगाएर हाम्रो परिवारले दशैं मनाएको बोध भने मेरो उमेर १३ वा १४ वर्ष भएपछि मात्र भएको हो । हामीलाई दशैं होइन दूर्गापूजा बलियो गरी अनुभूत हुन्छ ।

गएको पन्ध्र , बिस वर्षदेखि अमेरिकामा छु । यहाँको दशैं भोगाइको पनि आफ्नै विशेषता छ। यहाँ दशैं कहिले हो ? कुन दिन अष्टमी, कुन दिन नवमी अनि कुन दिन दशमी (टिका) हो भन्ने कुरा क्यालेन्डर हेरेपछि मात्र थाहा हुन्छ । परिवेशबाटदशैं आएको थाहा हुँदैन । नेपालमा हुँदा भने दशैं आरम्भ भएको परिवेशबाट , बजारमा हुने भीडबाट , सवारीका साधनमा पर्ने चापबाट थाहा हुन्थ्यो । परिवेशले नै 'दशैं आउँदै छ है' भने झै भान हुन्थ्यो । गाउँ, शहर नै दशैंमय भएको देखिन्थ्यो ।

पछिल्लो समय , म काठमाडौ बस्दा (२०४२ देखि २०६३ सालसम्म) दशैं आएको नयाँ सडक, इन्द्रचोक र असनमा हुने भीडले नै दशै आएको बोध

गराउँथ्यो ।
आज, अहिले यो समय बिन्दुमा , यो संस्मरण लेख्दा दशैं लागेकोसम्म थाहा छ तर आज फूलपाती हो वा अष्टमी हो भन्ने थाहा छैन् । घरमा एक्लो छु । पर परसम्म न त मान्छेहरू बोलेको वा हिंडेको नै सुन्छु ।
खोला जस्तै बगिरहेको छु। समयले जताजता लगिरहेको छ उतैउतै बगिरहेको छु, खोलाझैँ , नदीझैँ । यो जीवन नदी त हो ! akoutiy-la@gmail.com

(साभार : हिमालय खबर)

*****

## मेरो दशैं , हिजो र आज !

**- निर्मला राइ**

खेतबारीभरी धानका बालाहरू झुलेका, पारिलो घाम , अलिअलि न्यानो , अलिअलि जाडो , आँगनमा सयपत्री र मखमलीहरू ढकमक्क फुलेको यस्तै यस्तै चित्रहरूको छाप बनेर बसेका छन् , 'दशैं ' मेरो मानसपटलमा ।

हाम्रो पुरानो पानासोनिक रेडियोमा मालश्रीको धुन बज्नु थालेपछि ,नयां लुगाको आश, रातोमाटो लिन जाने म जस्तै उमेरका साथीहरूको लर्कोसंगै मनमा विभिन्न खाले उमंग लिएर हामी केटाकेटीहरूमाझ दशैं आउथ्यो ।
तर अभिभावकहरूको कथा अर्कै हुन्थ्यो । कोही आफ्ना भकारी खोतलेर अन्न बेचेर दशैं खर्चको जोहो गर्थे, कोही आफुले पालेका कुखुरा बाख्राहरू बेचेर दशैं पार लाउथे त केही नभएकाहरू बारीको धान बेचेर दिने भाकामा इष्टमित्रहरूलाई ऋण पत्याउन भन्थे । जसरी होस् , त्यो बेला दशैं हामी सानालाई सधैं आइदिओस जस्तो र ठूलाबडालाई हतपत नआइदिओस जस्तो चाड थियो ।
दशैंको रूप र मनाउने तौरतरीकाहरू समय र परिस्थितीसंगै परिवर्तन हुदै आयो ।
उच्च शिक्षा हासिल गर्ने शिलशिलामा शहरतिर बसाईं सरियो । शहरको दशैं , गाउघरको जस्तो भएन । शहरमा गाउँघरको जस्तै सधैं काममा जोतिनु पर्दैनथ्यो । फेरि दशैंको छुट्टी पनि निकै लामो हुन्थ्यो त्यो बेला । त्यसैले मिठो खानु र रमाइलो गरेर समय बिताइन्थ्यो । मलाई दशैंको रमाइलो दिनहरूमध्ये हामीले तास खेल्दा बाबाको पैसा चोरेको खुब याद आउछ । बाबाले खुट्टाले थिचेर राख्नु भएको पैसा बिस्तारै चोर्थेम भाई र मैले , अनि अरू चै हाँसेको हाँस्यै गर्ने । त्यसपछि त बाबाले थाहा पाउनुहुन्थो , अनि हामी सबै मरीमरी हाँस्थ्यौं । मेरी आमालाई तास खेल्नु कहिले रहर लागेन । बरू हामी लामो समयसम्म केही नखाइ तास खेलेको देखेर " खुब ठुलो काम गरेको छौ, भोक लाग्यो होला लौ खाउ " भन्दै सेल , अचार तरकारीहरू ल्याएर खुवाउनु हुन्थ्यो । हामी लाज पचाएर हाँस्दै खान्थ्यौ ।
आजभोली , समयले घर्लकै कोल्टे फेर्यो । म जस्तै अनगिन्ती नेपालीहरू अर्काको भुमीलाई आफ्नो संझेर बाँच्न बाध्य छौं । यस्तो अवस्थामा दशैं आएर पनि त्यो रौनक र त्यो उमंग आउदैन । दशैंमा हुने त्यो चहलपहल यहाँ देख्न पाइदैन । टिका थाप्ने दिन पनि छुट्टीको दिनमा परे साइतमा लाउने हो , नत्र त आफ्नो काम र बच्चाहरूको स्कूल छुट्टी भएपछि मात्र लाइन्छ । तर जे भए पनि आफ्नो चाडपर्वहरू मनाउने भनेको हाम्रो मुटुमा रहेको एक टुक्रा माया हो आफ्नो देशको सम्झनामा ..। त्यसैले म सधैं दशैमा टिका लगाइ दिन्छु आफ्ना नानीहरूलाई र संझाउछु - " तिमीहरूले पनि यो चलन सिकिराख्नु , किनभने चाडवाड भनेको पनि तिम्रो पहिचान हो । तिमीलाई अमेरिकन मात्र कसैले भन्दैन, तिमीलाई नेपाली अमेरिकन भन्छन् , जब ' नेपाली' शब्द अगाडी आउछ भने त्यो शब्दसंग सम्बन्धित सबै कुरा तिम्रो आफ्नो हुन्छ" ।
यसरी नै म हरेक चाडहरू मनाउदा मेरा छोरीहरूलाई चाडसंगसंगै नेपाल र नेपालीपनहरू घोकाउने कोशिश गर्छु । अब अहिले पनि दशैं नजिकिएको छ । फेरि मेरो भन्ने पालो आउदैछ , "Celebrating Dashain is not forgetting Nepal and not forgetting ' who you are !'
(साभार : दीप संचार )

*****

## गजल



बिटु के सी

नेपालीको हृदयमा भरपूर उल्लास भर्दै आओस्
माँ दुर्गाको त्रिशूलले अहंकारलाई हर्दै आओस्

सँस्कृति र परम्परा नै हाम्रा आफ्ना धरोहर हुन्
विकार बनि बसेको त्यो दम्भ सबै झर्दै आओस्

हिलो मैलो पखालिए मनको मन्दिर उजिलिन्छ
रिस , राग , दुख , पीडा जरैदेखि मर्दै आओस्

सप्तरंगी महत्वलाई बोकी ल्याउँछ तिहारले नी
मखमली झैँ नओइलिने प्रेमको बिउ छर्दै आओस्

खुशीका खजाना हुन दशै तिहार सब चाड हाम्रा
मुग्ध पार्दै प्रकृतिलाई यो मौसमसँगैं चर्दै आओस्

*****

## लघुकथा : हजुरबाको दसैँ



खेमराज पोखरेल

'जयदेवी भैरवी गोरखनाथ हे, दर्शन देऊ भुवानी'
उमेरले ८५ नाघ्नु भएको हजुरबा आफ्नै सुरतालमा मालसिरी गाइरहनु भएको छ । दसैँ आइसकेको छ ।

'दसैँ आयो भन्छन्, खसीबोका रुन्छन्' मुजैमुजा परेको गोरो अनुहारमा केही उदासीपन देखिइरहेको छ ।
'हजुरबा, दसैँ त आयो नि' नातिले जिज्ञासा राख्यो ।
'यस्तो पनि के दसैँ र बाबु ?'
'उहिले र अहिलेको दसैँमा के फरक छ र हजुरबा ? उही त हो नि'
'उहिलेको दसैँमा सबै कुरा रमाइलो हुन्थ्यो, घर लिप्ने माटो ल्याउने, नयाँ लुगा लगाउने सबैका सबै चाड हुन्थ्यो । तिम्री हजुरआमाले दसैँमा घर लिप्थिन्, जमरा राख्थिन्, त्यो कुरै बेग्लै थियो । ढिकीमा कुटेका ताजा च्युरामा घिउ साँदिको स्वाद कहाँ पाउनु ? अहिले त त्यसैत्यसै गन्हाउने च्युरा, डाल्डा मिसेको घिउ'

'अहिले पनि त हजुरबा नयाँ लुगा पनि हालेकै छ, खान पनि केही कमी छैन, मानिस पनि टीका लाउन आइ हाल्छन्'

' नापिस् नाथे, तेरो काठमाडौँमा ग्यास छैन, तेल छैन, सबै मिसावट खानेकुरा छन् । उहिले लिङ्गेपिङमा गाउँभरिका मान्छे भेला हुन्थे, रमाइलो हुन्थ्यो, अहिले पिङ खेल्न कहाँ जान्छस् ? लु भन् त केटा ?'
'पिङ त यतै पनि हाल्ने भन्थे'
'त्यो पनि के पिङ हो र ? तँ दोहोरी खेल्दै पिङमा मच्चिएको छस् ? मैले तेरी हजुरआमालाई पहिलोपल्ट पिङमै देखेको थिएँ' यसो भन्दा हजुरबाको बुढ्यौलीको अनुहारमा चमक देखिन्थ्यो ।

'जयन्ती मङ्गला काली, भद्रकाली कपालिनी' केही वर्षअघि नै स्वर्गवासी हुनुभएकी हजुरआमासँगको विछोड पनि यस्तै श्लोक हालेर बिर्सन खोजेको जस्तो भान हुन्थ्यो ।

'हजुरबा, दसैँमा हजुरआमालाई सम्झनुहुन्छ ?'

' तिम्री हजुरआमाको के कुरा गर्नु बाबु, पापिनी रहिछ, मलाई एक्लै पारी । सँगै बाँच्ने सँगै मर्ने वाचा गरेर आएको हामी, अहिले मलाई यसै एक्लै छाडेर जान हुन्छ त त्यसले ? कति दसैँ भो नभेटेको । तिम्री हजुरआमा नभएको दसैँ पनि के दसैँ ?'

*****

## मलाई दशैँ मन पर्दैन

मलाई दशैँ पट्कै मन पर्दैन।लेखको सुरुवात नै यो तरीका बाट गरेपछि हजुरहरुले सहजै अनुमान गर्नु भएको होला कस्तो किसिमको

लेख यो हो भनेर ?

अनि छ नि हजुरहरु जान्न पनि आतुर हुनुहुन्छ होला एउटा नेपालीलाई दसैँ किन मन नपर्ने ? कि यो

हिन्दु हैन ?



सपना घिमिरे

हजुरहरुका जिज्ञासा मेटाउन म यो लेखलाई अगाडि बढाउदै छु ।

भवानी दुर्गाले आसुरी प्रवृतिको प्रतिकका रुपमा रहेको चन्ड मुण्ड शुम्भ निशुम्भ र रक्तबिज लगायतका राक्षसलाई बधगर्न लिएका नौवटा रुपको नवदुर्गाभरी पूजाआजा गर्ने गरिन्छ।

सैलपुत्री,ब्रम्हचारिणी,चन्द्रघण्टा,कुस्मंडा,स्कन्दमाता,कात्याय नी,कालरात्री,महागौरी र सिद्धयात्री नवदुर्गा भवानीका नौ वटा

रुपहरु हुन् जसलाई हामी नवदुर्गाभरी पुजा गर्छौं र दशमीको दिन त्यही पूजाको प्रसाद स्वरूप टीका ग्रहण गर्दछौ ।

दशैं सबैभन्दा ठूलो र सबैभन्दा लामो हिन्दू चाड हो। दशैं पर्व पन्ध्र दिनसम्म चल्छ । घटस्थापनाको दिनबाट शुरू हुन्छ र कोजाग्रत पूर्णिमाको दिनमा समाप्त हुन्छ।दशैं पर्व सामान्यतया अशोज वा कार्तिक महिनामा पर्छ।

दशैंभरी गाउ घर सहर बजार सबैतिर धेरै नै चहल पहल हुन्छ । समान्यतया दशैंमा खसी बोका रागाको मासु खाने चगां उडाउने पिड• खेल्ने गरिन्छ ।काम बिशेसले घर बाट टाढा रहेका परिजन हरूको भेट घाट हुने पर्व पनि हो दशैं ।यो पर्व सामान्यतया मनसुनको मौसमको अन्त्य संग जोडिएको छ ।मानिसहरु यो पर्व मा धेरै जनावरहरु को वली दिने गर्दछन्, जस मध्ये धेरै जसो

खसी,भेडा, कुखुरा,रागा,पाडा पर्दछन् । तर पशुहरुको वली दिने

प्रवृत्तिलाई शाहाकारीहरूले गलत मान्दै आएका छन् , किनकी

पशु हत्या हिन्दू शास्त्रहरुमा कतै पनि उल्लेख छैन भन्ने कुरा पनि वेला वेलामा उठ्ने गर्छ र पशु अधिकारकर्मीहरु यसको कडा निन्दा गर्छन्।


यि त थिए सबै समान्य दशैको जानकारी । म हजुर हरूलाई मेरो दशैंको बारेमा जानकारी गराउदै छु । जुन बेला बर्षभरी म दशैं कहिले आउला भनी महिना गन्ने गर्थे। मेरो बाल्यकाल जिल्ला सदरमुकाममा बितेको हो । हामी प्राय गरी दशैंमा मेरो बुवाको गाउको घर जाने गर्थ्यौं जुन सदरमुकाम बाट झन्डै पाच घन्टा टाढा पर्छ ।

हामीलाइ धेरैजसो सप्तमीको दिन गाउको घर जाने समय जुर्थ्यो ।घर जाने भने पछि मेरो मन त्यसै फुरुङ्ग हुन्थियो । बिशेषगरी नवमीको दिन कोटमा लाग्ने मेलाको रमाइलो सम्झेर । त्यहाँ खान पाईने हरियो टपरीमा रहेको तातो जुलेवी जसको बास्ना मेरो मानस पटलमा अझै ताजा छ । साथीहरुसंगको रमाइलो आफ्नाहरुसंग भेटघाट यी सबै कुराले मेरो मन यति रोमान्चित हुन्थ्यो कि पुरा जीवन दशैँमय होस् भन्ने लाग्थ्यो ।

दशैंको दिन आफ्नो घरको मान्यजनसंग टिका लगाउने काम सकेर गाउ भरीका आफन्तको घरमा टिका लगाउने र कसले कति पैसा कमाउने भन्नेमा ध्याउन्न हाम्रो परिवारका केटाकेटीको

हुन्थ्यो ।
आज झन्डै दुई दशक पछि पनि ति दशैंका दिनहरु मेरो मानस पटलमा तरो ताजा नै छन् ।समान्यतया नेपालीहरूको दशैं यस्तै यस्तै किसिमको हुन्छ । मेरो पनि खासै फरक त हैन। तर आज बिसौं वर्ष पछि पनि मेरा लागि यि सम्झनाहरू सारै प्यारा छन् ।
अब मेरो जीवनको अर्को पाटो मैले देश छोडे पछि को मेरो दशैंको कुरा । जुन मेरो परिवार विना को पहिलो दशैं थियो। बिदेशमा पनि दशैं आयो स्वदेशमा जस्तै गरी । यहा पनि मेरो गाउमा जस्तै दशैंमा शरद ऋतु त लागेको थियो तर नवरात्री सुरु भएको थिएन । पार्कहरुमा पिङहरु त थिए, तर त्यहा म सङ्ग पिङमा मच्चिने मेरा सङ्गीहरु थिएनन् । पसलमा खसीको मासु त थियो तर काकाले पकाउने तिनमाने कसौडी थिएन । इन्डियन पसलमा जेरी त जती पनि थियो । तर त्यहा हरियो सालको पातमा मग्मग बास्ना आउने जुलेबी थिएन। परिवारको नाममा दुई चार जान त जम्मा थिए । तर त्यहा कस्ले कस्लाइ टिका लगाइ दिने हो थाहा थिएन । किनकी सबैको उमेर एउटै एउटै थियो ।नव दुर्गा भरी मन्दिर जानका लागी मन्दिर त थियो तर पन्चे बाजा बजेका थिएनन् । जमरा र टिका पुज्न जाने गाउलेको लामो लाईन थिएन ।बास्मती चामल त यहा पनि नभएको कहाँ होर तर हजुरआमाले पकाएको मार्सी धानको खीर थिएन ।

सबै हुदाहुदै पनि मेरो बिदेशको पहिलो दशैं खाली थियो। घरको सम्झनाले भित्र भित्र पोलेको थियो ।।परिवारको मायाले मन छट्पट् भएको थियो। भनिन्छ नी तिमी जहा छौ त्यही रमाउन सक्नु पर्छ । तर खै कसरी रमाउँ जहा मलाइ मेरो घर को सम्झनाले भित्र भित्र पोलेको छ ।परिवारको मायाले छट्पट भएको छ । जब दशैं आउछ मलाइ मेरो परिवार,गाउ घर साथी भाईको सम्झनाले मेरो बर्तमानलाइ उथल पुथल बनाउछ,मेरो देश छोड्ने निर्णय माथी ठुलो शंकाको घेरा लगाउछ भने मलाइ यो दशैं कसरी मन पर्न सक्छ । मैले देश छोड्दा बिदेश गए पछी सबै राम्रो हुन्छ भनेर घर परिवारलाइ मनाएको थिएं,बिदेश गएपछी मेरो जीवनमा सदै भरी खुसी आउछ भनेर हिडेको मान्छे किन दुखी छु आज म ? दशैं आउनै हुदैन यो मन यसै उदास हुन्छ नरमाइलो लाग्छ अनि म यो दशैंलाई कसरी राम्रो मानौ? कसरी मन पराउ? त्यो मेरो विदेशको पहिलो दशैं पछि आज झन्डै ढेड दसक सम्म आउदा पनी म रमाउन सकेको छैन । प्रत्येक दशैमा मेरो मन गाउँ पुगेको हुन्छ शरीर मात्रै आफुसंग हुन्छ । यसरी मन र शरीर दुवै फरक ठाउमा भए पछि म कसरी खुसी हुन सक्छु र मलाइ दशैं मन पर्छ ?



**Wishing everyone is blessed with good health, happiness and prosperity on the occasion of HAPPY Dashain Tihar, Nepal Sambat & Chhath 2078**

**Dr. Shambhu Dhungana**
**Chair, Board of Trustee, ANA**

# ह्याप्पी दशैं यार



कल्पना तामांग

दशैं भन्ने बित्तिकै नयाँ नाना,
मिठो खाना, गाँउघरको रमझम,
आफन्तको भेघाट, रातो टीका र
ठूलाबडाको आशिर्वाद यस्तै यस्तै
याद आउँछ ।

जब हामी साना– साना थियौ अत्यन्त सुन्दर थियो त्यो समय दशैं आएपछी नयाँ लुगा लगाउन पाइन्छ, दशैंमा दक्षिणा पाइन्छ भनेर पनि फुरुङ्ग हुन्थ्यो मन । घटस्थापना लागेदेखी नै विद्यालय बन्द हुन्थ्यो । दशैं बिदा हुने दिन सबै जना दशैंको शुभकामना कार्ड र सयपत्री फूल हातमा लिएर विद्यालय जान्थ्यौ साथीहरुबीच शुभकामना कार्ड आदान प्रदान गरेर आएको दिन घर आएर पोष्ट कार्ड गन्थे र पछाडि पट्टि लेखिएको सायरी पढ्थे ।

विद्यालय बन्द भएपछीको हरदिन विहानै कमेरो माटो लिन जानेको लर्काे लाग्थ्यो, कमेरो लिन हाम्रो घर भन्दा २ घण्टा जति टाढा खोलामा जानू पर्थ्यो कहिलेकाही खोलामा भास हुन्थ्यो कमेरो माटो लिन जाने मान्छे खोलामा भासिन्थे, कोही कमेरो रातो माटोको खानीमा पुरिएको समाचार आउथ्यो त्यसैले पनि दशैं हैन दशा हो भन्थे गाँउघरका बुढापाकाहरु ।
एक ताका दशैंमा बुवा विरामी पर्नु भयो फूलपाती लाग्न आटी सक्यो बुवा विरामीबाट तङरीनु भएन, भाईवैनी सानै थिए जेठी भनेको मैँ िथए १४–१५ वर्षको हुँदो हुँ,अग्लो घर सानी फूच्ची, आफैले नछ्यापी होला जस्तो लागेन । फूलपातीको अघिल्लो दिन भाइबैनी सबैजनालाइ कमेरो कुट्न भने ढिका फरेको कमेरो सबै जनाले कुटेर खड्कुलोमा भिजायौ, आमाले बाबियोको लामो कुचो बाटी दिनु भयो तैपनी आफू फूच्ची खटमा चढेर कमेरो छेप्दा अर्काे तलाको खट बाध्ने ठाउँसम्म कमेरो पुर्याउन हम्मे हम्मे पर्थ्यो र पनि दिनभरी लगाएर कमेरो छेपी सके । मूलबाटोको घर बाटो हिड्नेहरु भन्थे कस्ती साहसी केटी त्यति अग्लो घरमा आफैले कमेरो छेपी, मनमनै लाग्थ्यो साहस भन्दा ठूलो आवश्यकता भएपछि नगरी धर पनि नपाइने रहेछ ।

दशैंमा गाँउमा रोटेपिङ, लिङ्गेपिङ हालिन्थ्यो, लिङ्गेपिङको लागि त बाबियोको लठ्ठा एक दुई दिनमै तयार हुने भैगो बासँ पनि गाँउभरि पाइन्छ एक दुई जना लाँठे गएर काटेर ल्याए भैगो तर रोटेपिङको लागि भने अलि अगाडि नै देखि तयार गर्नु पर्ने काठ काट्नु पर्ने, आरा लगाउनु पर्ने, जंगलमा गएर काठ ओसार्नु पर्ने सबै काम मिलेर गर्थे गाँउलेहरु,रोटेपिङको अर्काे फाइदा पनि हुन्थ्यो एक वर्ष काटेको काठ अर्काे वर्ष त्यही काम लाग्थ्यो वस मिलाएर खाँबो गाड्ने पिङ जोडजाड गर्ने मात्र गर्नु पर्थ्यो। मलाई अझै पनि याद छ म ७–८ वर्षको हुँदो हुँ अघिल्लो वर्ष भत्काएर राखेको रोटे पिङ त्यो वर्ष पनि हाल्ने कुरा भयो । सबै गाँउलेहरु जम्मा भएर पिङ जोड्न थाले, हाम्रो पानी पधँरो भन्दा पनि नजिकै िथयो पिङ हाल्ने ठाउँ बाटो पनि त्यही पर्थ्यो म सानो ग्यालीन लिएर पानी लिन गए पधँरोतिर । सबै जना पिङ हाल्न लाग्नु भएको कति रमाइलो पिङ भन्ने बित्तिकै मन खुसी भयो म पनि छेउमा बसेर हेर्न लागे सबै जना जोडजाडमा कसिएर लाग्नु भएको तर अधिकांश केटा मान्छेहरु थिए साना भुरा केटाकेटीहरु पनि थिए, मलाई केटा मान्छेहरु मात्र भएको भिडमा बस्नु हुन्न कि जस्तो पनि लागेन मलाई आमाले कहिल्यै केटा मान्छेले यो गर्ने केटीले त्यो केटा मान्छेको भएको ठाँउमा जानु हुन्न केही सिकाउनु भएन । पिङ जोड्दै गर्दा अघिल्लो वर्ष काटेको

काँचो काँठ पसाङ्गिएर जोड्नै गाह्रो भएको त्यसपछी कता कसरी जोड्ने प्रयास गर्दै गरेका केटाहरु, सबै उनीहरुको बार्तालाप सुनी रहेका थिए। एकले भने कता कसरी हो जानीन मैले त ? छेउमा बसेका मास्टरले भने अब बिहे गरेपछि पनि कसरी भनेर बाँलाई सोध्छस्? मैले मनमनै विचार गरे बिहे गर्नु अघि पो बालाइ सोधेर गर्ने त हगि बिहे गरेपछि त बिहे भैगो के सोध्नु कस्तो बुद्दी नभएको मास्टर जस्तो लाग्यो र पछी सम्म पनि लागि रह्यो कस्तो खराब मास्टर।

जब अलि ठूलो भइयो दशैंको रौनक खासै नलाग्ने जस्तो बच्चामा लाग्थ्यो तैपनी परदेशिएका गाँउले साथीभाई भेटिने त्यस हिसाबले भने रमाइलै लाग्थ्यो एसएलसि पछीको एउटा दशैं बालापनको एक जना साथी र म टीकाको दिन पिङ खेलेर आएर घर नजिकैको चौरमा बस्यौ सबै गाँउलेहरु त्यँही बाटो भएर हिड्थे सबैसँग हाँसेर बोल्यौ अर्की मेरी साथीले साँझपख भनी बीच चौरमा बस्ने कसका जोडी रैछन् भनेको त तिमीहरु पो?

जे पाए त्यही नबोल न यार मैले भने उ मुस्कुराइ। उ सधै दशैंमा हाम्रो घर आउथ्यो अरु पनि आउथे साथीहरु भेटिन्थ्यो खुसी लाग्थ्यो।

मेरो बिहे भएको वर्ष उ नवमीमा घर आएछ फोन गर्याे तँ नभएर तिमीहरुको तिर गएकै छैन, म आँउछु अनि आइज न त मैले भने, म घरबाट आएको दिन ऊ पनि आयो चियापानी खाइयो गफगाफ गरीयो। उसले त्यही दशैंमा कुनै िदन भन्यो यार तेरो र मेरो त गाँउलेहरुले कुरा पो काट्थे रे तलाई थाहा छ? मेरो हाँसो छुट्यो कसले भनेको तलाई? आमाले, अनि मलाई त भनिनस् त? तलाई नराम्रो लाग्ला भनेर नभनेको।

म चुप रहे, दशैं पनि सकियो, जे होस् साथीहरु भेट्दा रमाइलो लाग्थ्यो।

म परदेश आएदेखि दशैंमा घर जाने बेलामा फोन गर्थ्यो, दशैंमा तलाई भेट्न पाइन्न यसपाली त, घरबाट फर्केपछि पनि फोन गर्थ्यो तिमीहरुकोतिर जान मन त लागेको थिएन तैपनि मम्मीहरुले के भन्नुहोला भनेर गएँ उसको बोली सुनेर मुस्कुराउथे म। लाग्थ्यो सम्झीन्छ साथीले।


परदेशको दशैं अघिल्लो दिनसम्म काममा गोरु झै जोतीयो। दशैंको दिन दुईचार जना भेला भयो टिका लगायो सकियो दशैं भोलिपल्टदेखी काममै जोतीयो फेरि।

यसपालीको दशैं पनि परदेशमै बित्यो, दशैं, दशैं जस्तो के लाग्छ र परदेशमा तै पनि नेपालीहरु सबै जना भेला भएर दशैं पार्टी गरीयो रमाइलो भयो। दशैंमा सबै केगाकेटीहरु घर आए घरबाट भिडियोकल गर्छन् दशैं रमाइलो छ घरदेशतिर आफू भने यसपाली पनि जान पाइएन नराम्रो लागि रहेकै छ तैपनि प्रविधिको विकासले सबैलाई भिडियोकलमा देख्न पाइन्छ, कुरा गर्न पाइन्छ वस् आमाले पकाएको खान पाइदैन, बच्चा केटाकेटीहरुलाई बोकेर घुमाउन पाइदैन। म परदेश आइ सकेपछि जन्मिएकाहरु पनि दिदी भन्छन् भिडियो कलमा हत्तेरिका साह्रै परदेशि भैयो जस्तो पनि लाग्छ र पनि त मनाउनु छ दशैं। मलाई प्रतीक्षा थियो फोनको उसको फोन नआएको लामो समय भएको थियो बिर्सियो भनेर मलाई रिस पनि उठेको थियो फूलपातीको दिन एक पेज लामो म्यासेज आयो त्यो पनि स्काइपमा। हेरन मैले फेसबुक चलाउदिन उनले चलाउछिन् उनलाई म कसैसँग बोलेको मन पर्दैन, उनीहरु हिजो घर गए म पर्सि जान्छु होला, म विरामी छु तनाव छ, कालेस्ट्रोल बढेको छ, ब्लड सुगर बढेको छ, विजनेस डुबेको छ। जिन्दगी आफूले सोचे जस्तो नहुने रहेछ, कहिलेकाँही त लाग्छ बिहे नगर्नु पर्ने रहेछ, सबै मान्छेहरु आफू

जस्ता नहुने पनि रहेछन् ,तँलाई सम्झी रहेको छु बिर्सियो भनेर नरिसाएस् है अनि के छ तेरो खबर ?
ह्याप्पी दशैं यार ।

*****

## मेरी छोरी र दसैं



भारती गौतम

" ममी, दशैं लागि सकेको भनेको हैन, वजार मा कतै त्यस्तो केही देखिदैन, दोकानहरु त्यस्तो घुईचो पनि छैनन्। हाउ क्यान यु टेल दसै ईज अलरेडी हीयर?" छोरीको निराश अनुहार पढ्न साक्षर हुनै पर्दैनथ्यो।
"यस्तै त हो नि, सडकभरी, गल्लीभरी मान्छेको ओहोरदोहोर त छदै छ नि,फेरि कपडा दोकानहरु मा अनि वाहिर फलफूल वेच्ने पसलहरु सवै नै घुईचो छ त"। आफूले देखेको दशैं देखाउन वल गर्छु।
एक वर्ष पुग्न अलिकति वांकी हुंदै काखी च्यापेर अमेरिका भित्र्याएकी छोरी दुई दशक उमेर उक्ली सकेपछि नेपालका दसैं तिहार को अनुभव वटुल्न म संग काठमान्डौमा थिई। किन्डर गार्टेन देखि कलेज ग्राजुएट सम्म पुरा गरीसक्ता पनि वर्षौं देखि वर्षेनी यहि समयमा मैले फलाक्ने गरेको दसैं र तिहार संग भेट गर्ने पाएकी थिईन। ईतिहासका पुस्तक भित्रका धमिला पानाहरुमा विद्दुतिय संचारको उज्यालो छिर्नै थियो। मेसीसको सेतो मग भित्रको चियाको वाफ भैंसेपाटीको कोठावाट अनुभव गर्नु र पोखरीको कछुवा आकासमा देख्न पाउनु उस्तै थियो। सन् दुई हजार सात। मोवाईल फोनले भर्खर भर्खर आफ्नो परिचय दिन थालेको थियो।

हामी नेपाल पुग्दा सोह्र श्राद्द लागि सकेको नेपाल भित्रिदा मैले अनुभव गरेको दसै छोरीले देख्न नसकेकोमा मलाई अनि मैले चारैतिर दसैं देख्न सकेको मा छोरीलाई लाग्ने अनौठो वेग्लै थिएन। गर्मी र जाडोको सांधका पारिला घाम, झरी थामिएर मुस्कुराएको जस्तै आकास, अर्कासंग नठोक्किई पाईलै सार्न नपाईने चोक गल्ली सवैमा देखिने दसैं छोरीले देख्न सकोस्,

मेरो रहर। एपार्टमेन्टको कुनामा उमारेको हरिया हरियै लाग्ने मकै र अलिकति राता अक्षता अनि स्कूलवाट फर्किए पछि वेलुका पांचजना वसेर लगाउने गरेका दुईदर्जन दसैं देखेकी छोरीले चिन्ने दसैं आउन अझै दुईहप्ता वाकी थियो।

ट्याक्सीले हवाई मैदान छोडे देखि नै वाटाको वरीपरी हातमा किनमेलको झोला बोकेका मान्छेको घुईचो, कपडा दोकानमा ग्राहकको घुइचो, बस स्टपहरुमा वसमा चढ्न लाईन लागेका मान्छेको घुईचो , खाली मैदानहरुमा खसी बोकाको घुईचो, मनै उज्यालिने पारिला घामको किरण। अलिकति वाहिर अनि धेरै जसो मन भित्र मैले दसै देख्न थालीसकेकी थिए। विमान स्थल देखि भैंसेपाटी सम्मको ट्याक्सी वाट नै मेरो दसैंसंग भेट भैसकेको थियो। नयां वानेश्वरको वाटो भन्दा अलिक पर कुनामा देखिने लिंगे पिङ्मा केटाकेटि र वयस्क समेतको घुइचो पनि मेरा आंखाले भेटिसकेका थिए। वाटामा पर्ने मन्दिरहरु भित्रका मूर्तिहरु को अनुहारै अलिक उज्यालो देखे जस्तो। मूर्तीको छानु देख्तै मैले गर्न थालेको अनुभव। अनौठो सहरको उदेक जस्तै छोरीले सडक वरीपरी को

वेपर्वाह भीडै मात्र देखी। मान्छेको, गाईवस्तुको, भुस्याहा कुकुरको घुईचो मा उसले दसै के देख्न सक्थी र? छोरीले आंखाले मात्र देखी।, मैले आंखा समेतले देखें।

“ममी, दसै आउन कति दिन वांकी छ"? कपाल पन्छाएर निधार मा टांसिने राता अक्षता अनि टाउका मा वर्सिने पहेंला जस्तै लाग्ने हरिया मकैका सुईरा को दसैं को मिति सायद छोरीले सोधेकी थिई।

“ दसैं लागि सक्यो, चारै तिर दसै नै दसै छरिएको छ त"! वाटैमा हाम्रो संवाद।

छोरीका आंखा गुजुल्टिएको धागो जस्तै देखिए। नख्खुवाट ट्याक्सी उकालो चढे पछि भैंसेपाटी पुग्ने वाटा वरपर पनि केटाकेटी ले एक खुट्टाले उफ्रिदै खेलेको , गुच्चा डन्डीवियो खेलेको मा समेत मैले दसैं वाहेक केहि देखिन। घरका भित्ता, झ्यालका खापा को ताजा रंग पनि शायद छोरीले देख्न सकिन। ईतिहासका पाना भित्रका पुरातात्वीक परिच्छेद जस्तै उसकी आमाको धेरै अनि उसको अलिकति मुलुक वुझ्न व्यस्त छोरी ले देखेको दृष्य कति उस्तै अनि कति वेग्लै? मलाई लागेको थियो। जीवन पुस्तकवाट हराई सकेका झन्डै दुईदर्जन पानाहरुलाई भेला पारेर म पुस्तक आकारमा जोड्न खोज्दै थिएं।

“स्टील आई एम नट सीईङ एनी फेस्टीभिटी, नो लाईट, नो फ्लावर!”। मैले वखानेको दसैं छोरी अझै खोज्दैछ। विस्मृतिको धूलो भित्र मधुरो देखिने महान चाड आफै भित्र पनि त्यति स्पष्ट त भैसकेको थिएन। अतीत को अनुसन्धान मा आफ्नै भग्नावशेष भेट्टिए जस्तै। हवाई मैदान देखि भाईको घर भैंसेपाटीमा पुगुन्जेल सम्म देखिएका अनुहार पनि मेरो अनुसन्धानको विषय भएको मलाई नै थाहा भएन। अनुहारहरुको मेलामा ती अनुहारले सधै पहिरिने गरेको विषाद, विरह, विस्मत , भय, भोकहरु समेत केही समयको लागि वजार निस्किए जस्तो लाग्थ्यो। घाम उदाई सके पछि देखिएका चन्द्रमा जस्तै धमिलो आकार मात्र वांकी । बादल भित्र भए पनि किरण लुक्न नसकेको सूर्य जस्तै पर्व झल्मलाएको देखिन्थ्यो।

“आई एम ग्लाड द्याट आई गट टु सी दसैं" । मेरो मन राख्न भए पनि छोरीले यसो भन्दा टोयटाको कालो ट्याक्सी भैंसे पाटी पुग्नै लागिसकेको थियो। हाम्रो महान चाड नेपालभरी झुल्की सकेको भनेर छोरीलाई विश्वस्त पार्न मैले अझै सकेकी थिईन। वेग्लै पृष्ठभूमी, वेग्लै मान्यता, अर्कै परिवेश वाट वाहिरिएर छोरी यथार्थ र कल्पनाको संघार टेक्तै गरेकी दसैं भन्दा पहिले छोरीले आफ्नै चिनारीको वंशावली संग भेट गर्नु पर्ने थियो। धान भित्र को गहुं भेट्टाउनु अघि धान संगै परिचित हुनु पर्ने थियो। धमिराले ठांउ ठाउंमा प्वाल पार्न थालिसकेको विगतको आफ्नै कथा भित्र छोरीलाई समेत लिएर विचरण गर्ने अवसरको हरेक पल लाई पूर्ण अनुभुत गर्ने मेरो अभिलाषाले मलाई घरीघरी घचघच्याउदै थियो।

नेपालमा भेट हुंदैगरेको दसैं छोरीको जस्तै पहिलो नभए पनि मेरो पनि दसकौं पछिको दसैं थियो। स्मृतिमा कुदिएको विगत वाहेक अहिले भेट्टिएको दसैं मेरो लागि पनि पहिलो नै हो भन्दा अन्यथा हुदैन , मेरो मनले ठान्छ। मैले पाईलै पिच्छे देखेको दशैं छोरीले किन देख्न नसकेको भन्नु त रंग छुट्ट्याउन नसक्नेको अगाडी फिका निलो, गाढा हरियो भने जस्तै मात्र हुन्छ।

आंखाले देखेको वर्तमान को घुम्टो भित्र मेरो हृदयमा वर्षौं देखि निर्वासित अतीत का दसैंहरुको प्रतिविम्व वाहेक छोरीलाई दसैं यस्तै हो भनेर वुझाउने केही थिएन। छोरी को स्मृतिमा भर्खर जन्मिदै गरेको वर्तमान आफ्नो छाप वनाउन प्रयास गर्दै थियो।

आफ्ना वावु आमा जस्तो लाग्ने (नेपाली) एउटा परिवार देखि अर्को परिवार देख्नै नपाई जीवनको पहिलो दशक विताएकी छोरी। वावु आमाले सुटकेसको सानु कुनामा कोचेर ल्याएको नेपाल संग को वेला वेलाको जम्काभेट को आधारमा नेपाल को अनुमान गर्न बाध्य यो छोरी। वुवा र आमा मात्र नेपाली देखे पछि " एकजना महिला र एकजना पुरुष जम्मा दुईजना नेपाली छन, अनि ती मेरा वा र आमा हुन्" पत्याउने गरेकी थिई। यस्ता निकै वर्ष विते पछि मात्र उसले आफ्नो जस्तै अरु केही नेपाली अनुहार देख्न पाएकी थिई। कोठेवारीमा दूवो जस्तै विश्वभरी नेपाल फैलिनु भन्दा निकै अगाडीको तथ्य थियो यो।

एपार्टमेन्टको भान्सा कोठाको एउटा अंध्यारो कुनामा रहेको एउटा गमलामा अलिक हरिया हरियै उम्रिएका मकै(हामी वसेको धेरै जसो ठाउमा जौ पाईदैनथ्यो) का टुसा टाउकामा अनि टाढाको भारतीय पसलवाट किनेर ल्याएको अविर मा क्रोगरको दही मुछेका चामल टाउकामा टांसेको अनुभवको दसैं मेेरी छोरीको अनुभुति थियो। स्कूल सकिएर सांझ घर फर्किएर मनाईने दसैं घर भित्र को मात्र चाड थियो। निधारको रातो टिका वाहिर देखिनु अघि नै पखालेेर कुनै अवैध कारोवार जस्तो दसैं को स्मृति छोरीको हृदय सम्म पनि नपुगेको हुनु पर्छ। मेरो मन एक्लै कता कता वरालिईरहन्छ।

" ममी हामीले ड्यालस र ओक्लोहोमामा मनाएको दसैं कहिले हो"?

" ए त्यो चाहि टिका हो, अझै निकै दिन वांकी छ"। दुईचार दिन पछि एउटा घमाईलो विहान छोरीले फेरि दसैं कै कुरा गरी। म भने वल्ल वल्ल भेट भएको दसैंको औंला समातेर भावना मा नै पिंग खेल्न पुगिसकेकी थिएं। छोरीको उत्सुकता ले व्युझिए पछि आफ्नो दसैं छोडेर म फेरि छोरीकै दसैं संझिन पुग्छु।

कहिले कुन दिनलाई कहिले कुन दिनलाई "यो हाम्रो सवै भन्दा ठूलो चाड हो,यसदिन छोरीलाई टिका लाएर पैसा दिनु पर्छ" भन्दै गर्दा दाजु र भाई को अंध्यारो अनुहार पनि उसको सस्मरणको दसैं हुनु पर्छ। मलाई लाग्छ। "छोराहरुले चांही वावु आमाको खुट्टामा ढोग्नु पर्छ" यस्तो सुन्दा उसका दाजु भाईहरुले " दिस ईज नट फेयर"(यो न्याय भएन) भन्ने गरेको पनि छोरीले संझिने अलिकति दसै हुनु पर्छ।

आमा वुवाको खुट्टामा निहुरिनु पर्ने अनि दक्षिणा नपाउने दाजु भाई भन्दा दक्षिणा पाउने अनि खुट्टामा अरु कसैको निधार अनुभव गर्न पाउने परम्परामा भित्र की छोरी हुनु पर्दाको गौरवको फूल पनि दसैंको निहुमा छोरीले टाउकाभरी सिउरिएको हुनु पर्छ। मेरो मनले आफै संग गरेका कुरा। यस्तै यस्तै टुक्राहरु जोडेर छोरीले दसै को तस्वीर पुरा गरेको हुनु पर्छ। थाहा छैन छोरीको कल्पनाको दशैंको तस्वीर र मेरो

अनुमानको उसको दसैंको तस्वीर वीच कति सामान्जस्य थियो।

सवै मौसममा, सवै महीना वा,र अनि घडीमा उसैगरी अनि दोकानको उही ठाउमा भेट्टिने केरा, मन लगाएर खोजी पस्ता उकालामा भेटिने देउराली जस्तै हिन्दुस्तानी दोकानहरुमा सधैं पाईने चिउरा, क्रोगरमा भेट्टिने दुई दर्जन दहिको परिकार। आधा दसैं त त्यतै हरायो। रंग र डिजाईन मन परेपछि दोकानमा क्रेडिट कार्ड घोटेरै भए पनि जहिले पनि किन्न सकिने नयां लुगा भए पछि दसैंको अर्को आकर्षण पनि रहेन। मन्दिर को ठेगान छैन,, घर लिपपोत गर्नै नपर्ने गरी गलैचै गलैचा ।गर्मी महिनामा नियमित घांस काट्ने ,जाडामा तुरुन्त हिउं सोहोर्ने अनि पात झरेको बेला पात टिपिहाल्ने प्रथा भित्र कोठेवारि र आंगन खुर्किने पनि एकादेसकै कथा । समुद्र र सागर छिचोलेर सिमानाका घेरा समेत वस्न नसक्ने ठाउमा आईपुगे पछि दशैंको लागि आफन्त आउने संभावना आफैंमा असंभव। सवै शाकाहारी भएको घरमा तिलकाने र घोर्लेको नामै लिनु परेन। कतिपय घरैका आंगनमा पिङ। त्यहां नभए पनि एक डेढ माईलको दूरी मा भेट्टिने सवै नै पार्क र स्कूलहरु मा पिङ। वर्ष दिन को प्रतीक्षा पछि मेरा आंगभरी उमंग को झरी वर्षिने दसैं छोरीको आंगमा वाछिटा मात्रै भएर पुग्दा म रमिते मात्र भएं।

फेरि आफ्नै विगतका पाना पल्टाउछु। छोरीको आंखा आफैमा टांसेर हेर्न खोज्छु। पांचजना लहरै गलैचामा वसेर कहिले विहान स्कूलै नगईकन, कहिले बेलुकी सवै जम्मा भैसके पछि पालैपिलो निधारमा टांसिएको दही चामल र टाउकामा एक मिनेट पनि अडिन नसक्ने पंहेला पंहेला सुईरा हरु मात्र थिए। बिहान छ भने त स्कूल जादा पुछेर दुरुस्त भएर जानु पर्ने भएपछि दसैंको टिका भनेको लगाउने अनि पुछ्ने मात्र थियो।' महान चाड दसैं' मैले गरेको उच्चारणका शव्दैमा सिमित।

खेलाउनाका खात अनि अन्य उपहारहरुका साटासाटको क्रिसमसलाई चाहि महान चाड अनुभव गरेकी छोरीको लागि हाम्रो दसैंको पूर्वार्ध कितावको वाघ देखेर भागे जस्तो मात्र थियो। “दशैं हाम्रो मुख्य चाड हो” भनेर जति रटे पनि मुख्य चाडले दिने रौनक मेरी छोरीलाई क्रिसमसले मात्र दिन सकेको तथ्य भोली आउने बिहान जस्तै निश्चित थियो। म विपरित पुष्टीका म संग वांकी तर्क पनि दुव्लाईसकेका थिए।

डिजाईनर कपडामा सजिएका डिपार्टमेन्ट स्टोरहरु, गरगहना,श्रृंगारका सामान समेतले सजिएका मलहरु मा भर्खर निस्किएका ईलेक्ट्रोनिक सामानहरु समेत स्वाभावीक भन्दा धेरै गुना चुलिन थाले पछि क्रिसमस ले आफू भित्रिन लागेको सूचना थ्यांक्सगीभीङ अगाडी नै गरीसकेको हुन्थ्यो।

रेडियोमा र टीभीमा निरन्तर वज्ने विशेष क्यारोलहरु (क्रिसमस धुनहरु) ले महिनौ अगाडी देखि नै क्रिसमस गाउन थालीसकेको हुन्थ्यो। मालसीरीले दिएको दसैंको सूचना थरीथरीका क्यारोल (संगीतहरु) ले वजाएको क्रिसमस शायद छोरीका कानको लागि परिचित हुनु पर्छ। क्रिसमस भनेर मनाईने डिसेम्वर पच्चिस कता कता पर क्षितिजमा उदाउनु अघि देखि नै खेलाउना पसलभरी खातलागेका नानाथरी खेलाउनाहरु को, अनि ती खेलाउना किन्ने मान्छेको घुईचो पनि छोरीले नेपालमा देख्ने दसैको भीड संग मिलिराखेको थिएन।

घरको भित्र बाहिर, वाटाको वरीपरी दोकानैभरी राता,हरिया र पहेला ईन्द्रेणी चम्किएका वत्तीहरु,करीव दुई साता सम्म वन्दहुने विद्यालयहरु, गुरांसले रंगिएका डाडा पाखा जस्तै लालुपातेले रंगिएका घर करेसा र दोकानहरु जस्तो पनि दसैं देखिएन। जतावाट हेेरे पनि जति वलगरे पनि दसैको आगमन र  क्रिसमस को आगमन उस्तै नदेखेर छोरी अल्मलिएको पनि मैले नै अनुमान गरेको।

डेढ हप्ता नेपाल वसिसके पछि  नौरथा आरम्भ हुन्छ। हामी धनकुटा,धरान, विराटनगर जान्छौं । कहिल्यै साक्षात्कार नभए पनि हृदय वाट टाढा नभएका आफन्तहरुको स्नेह र सद्भाव पनि हामी आमा छोरीले अनुभुत गरीसकेका थियौं। ती सवै ठांउहरुमा  चण्डी पाठ, मन्दिरका घन्टहरुको गडगडाहट संगै मालसीरीले मुलुक नै वसन्तको रानीवन जस्तो हुन्छ। यतिवेला सम्म छोरीले मैले देखेकै जस्तो  नभए पनि अमेरिकामा  देखेको भन्दा वेग्लै दसैं देख्न थालीसकेकी थिई। उसले अनुभव  गर्ने गरेको दसैंलाई उछिन्न नौरथाको आरम्भका केही दिन नै पर्याप्त हुन थाली सकेका थिए।

काठमाण्डौ देखि  विराटनगर,धरान र धनकुटा सम्म पुग्दा स्नेह भावले छोरी भिजिसकेकी थिई। आफन्तले  दिएको स्नेह, उहांहरुले गरेको हेरचाह वाट उसको हृदय दसैं देख्न र वुझ्न सक्ने गरी भन्दा वढि नै रसाई सकेको थियो।

सूचना विना नै जसको घरमा पनि जान सकिने अनौपचारिता, आत्मियता  पिउन पाएर औपचारिक वांध भित्र थुनिएको छोरीको भावना आंखाको वाटो गरी वग्न थाली सकेको थियो। ताते र तोते भन्दा पहिले छोडेको नेपाल पनि छोरीले भेट्टाउन थाली सकेकी थिई। चिन्न थालिसकेकी थिई। मलाई लाग्छ  मैले देखेको दसैं पनि छोरीले त्यसैगरी देख्न थालिसकेकी थिई।

महान पर्व भनेर वोली फुटे देखि नै हातेमालो गर्ने गरेको क्रिसमस अनि घरमा आमाले धेरै सुनाएको तर थोरै भेट गराएको  दशैको अन्तर लाई  दशमीमा टिका थाप्नु अगाडी नै छोरीले बुझ्न थालि सकेकी हुनु पर्छ। दसैं वारेको प्रारम्भको उसको उत्सुकता को छनक पनि उसको अनुहारमा भेट्टिन छोडिसकेको थियो। दसैलाई उसले आंखाले भन्दा मनले देख्न थालेकी हुनु पर्छ।

निधारमा टांसिएका राता पहेंला अक्षताले  क्रिसमसका ईन्द्रेणी वत्तीको उज्यालो विर्साईसकेका थिए। वन्द खाममा नेपाली रुपिया संग हात परेको आशीर्वाद क्रिसमसमा पाईएका खेलाउनाको खात भन्दा अग्लो भैसकेको थियो। कहिल्यै नभेट्टिएका तर तत्काल मनको नजीक हुन पुगेका आफन्तको स्नेहले उज्यालिएका उसका आंखा वितेका दुई दर्जन क्रिसमस मा भन्दा चम्किएका थिए।

“ ममी  हरेक वर्ष दसैंमा नेपाल आउन सकिन्छ"? “ आई लभ दसैं सो मच" । पूर्णीमा भन्दा अगाडि छोरी यसो भन्न थाली।

“ नेपाल भरीका  आफन्तहरु वाट  दशैंको पांच दिनमा पाएको आशीष मेरो जीवनभरीमा  नसकिने अमूल्य उपहार भएको छ ममी, आई डन्ट नीड एनि गिफ्ट ( मलाई कुनै उपहार चाहिदैन) । मेरा आंखा अलिकति ओसिला भए। दुई दसक

सम्म "दसैं हाम्रो महत्वपूर्ण चाड हो" भट्व्याए पनि नेपालको दसैं संगको एउटै भेट छोरीको लागि अविस्मरणीय भएको थियो।

“दसैंमा मैले पाएका सवै पैसा अमेरिका लैजाउ है? म त्यो सवै जतन साथ राखी छोड्छु"।

भै हाल्छ नि अर्को दसैंमा फेरि नेपाल आउला अनि त्यो सवै खर्च गरौला नि"। आफूले रोपेको फूल सवैभन्दा सुन्दर भएर फक्रिएको अनुभव भयो।

कोजाग्रत पूर्णीमाको वेलुका थियो। हामी अमेेरिका फर्किन अझै केही दिन वाकी थियो। 'दसैं महान चाड हो' मैले फेरि भन्नु पनि परेन। सफा निलो आकासमा झुल्किएका जुन को उज्यालो सोझै मेरो मनको भित्री तहमा गएर पोखियो।

*****

## दशैं, सम्झनाको आँखीझ्यालबाट

**सुशील नेपाल**

दशैं आयो बतासले हल्का चीसोपन ल्यायो। कोरोनाकै काल भए पनि उत्साहलाइ केहीले छेक्न सकेको देखिन्न ।बालखकालमा नयाँनानाको लागि गोडा बजारेको हिंजै जस्तो लाग्छ ।स्मृतिमा आफूले मनाएको यो राष्ट्रीय पर्वको झझल्को घरि घरि आऊंछ । बाबा कोकाँधमा चढेर बड़ा बा को मा टिका थापेका दिन झल्झल्ती सम्झन्छु।झिसिमिसैमा बोकाको टाऊकोमा पानी छर्केको, पानी छर्कदांटाऊको हल्लायो भनें उस्ले स्वीकृति दिएको ठानी लुरूलुरू कान्छा दाइसंग कालीको थानमा लगेर छिनालेको टाऊको बोकेर मरेको त्योप्राणीलाइ आँगनमा पछारेको पिड़ाबोध आज आएर हुन थालेको छ ।

हाम्रो परिवार सानो थियो । दाजुभाइको लर्को ठूलै भए पनि हाम्रो पांच जानाको परिवार थियो । बाबा,आमा, दिदी म र सानी बहिनी थियौं।मावलीको हजुरवुवाको मौंजा वर्दियाको गुलेरियामा थियो । एउटा दशैं त्यही मनाएका थियौं । मेरो हजुरबुवा सुव्वा खिमानन्द उपाध्यायगौतम अत्यन्तै प्रभावशाली लोकप्रिय र समाजसेवी हुनुहुन्थ्यो । मामाहरू ठूलो पदबाला जागीरदारहरू हुनुहुन्थ्यो र काठमाण्डौंमै बस्नुहुन्थ्यो ।

मेरी आमा हजूरवुवाको अत्यन्तै प्यारी छोरी हुनुहुन्थ्यो,। सानै उमेर ११ बर्षमै विवाह भएको हुनाले नै होला हजूरवुवाको प्राण मेरी आमामाअडकेको थियो ।

तिन्ताका पूर्व पश्चिम राजमार्ग थिएन । नेपालको कुनै अर्को भागमा जानु पऱ्यो भनें भारत नभइ जान सकिदैन थियो । विराटनगरकाहामीलाइ बर्दिया जान जोगवनीमा रेल चढनु पर्थौ । त्यस पछि विहारको कटिहारमा रेल बदलेर गोरखपुर हुदैं नानपाणा भन्ने स्टेशनमानैनीताल जाने कठगोदाम एक्सप्रेस चढेर उत्तर प्रदेशको मूर्तिहा भन्ने स्टेशनमा उत्रेर लडिया ( गोरूगाडा) मा चढेर दिनभरी हिंडे पछिगुलरिया पुगिन्थ्यो । हजुरवुवा को बसाई सुहेलवा भन्ने छुट्टै वस्ती भएको गाऊंमा थियो । हुनत: वर्दियाका थारूहरू आदिवासी हुन, तर पर्वतेहरूको पनि बाहुल्य रहेछ।

अधिकाँसलाई हजुरवुवाले अर्घाखाँची पहाडघरवाट आफ्नो समाजिक परिवेश वढाउन तल वर्दियामाबसाउनु भएको होला भन्ने ठान्छु । यो त भयो नियमित यात्रा गर्ने प्रकिया । तर मैले भनेको दशैंको यात्राको भिन्ने कथा छ ।

त्यो दिन हामी जोगवनीबाट रेल चढेर कटिहार हुंदै गोरखपुर छिचोल्दै नानपाणा भन्ने स्टेशनमा पुग्यौं । नानपाणामा मेरो मामाहरूलाइरेलका कुल्ली समेतले चिन्हेका रैछन्। वर्दियाका जमिनदार किशोर वावुलाइ गोरखपुर देखि लखनऊ सम्म पनि धेरैले चिन्दा रहेछन् ।अहिले हालै




वामदेवलाई चूनावमा हराएर नाम कमाएका सांसद संजय गौतम तिनै मामा किशोर गौतमका छोरा हुन् ।

मामा हामीलाइ लिन नानपाणासम्म आएको सम्झन्छु । म १० वर्षे वालखले जति सम्झनसकें त्यही लेख्दै छु । मामाले लावा लस्करकासाथ हामीलाइ मूर्तिहा स्टेशन ल्याउनु भयो । स्टेशनमा त ४/५ वटा हात्ति हामीलाइ लिन आएको देखें । मैले वर्दियामा धैरै

पटक हात्तिचढन पाएको थिऐं । त्याहां हात्तिमा सवार भएर हाम्रो टोली गुलरिया तिर लाग्यो । वाटोमा डरलाग्दो जंगल पर्थ्यो । आवत जावत गर्नेयात्रुहरूलाइ यहाँ डांकाहरूले लुटदा रहेछन् । यी कुराहरू सुन्दा मेरो बाल मनमा कोतुहल र भयको तरंग पैदा भएको सम्झन्छु ।

बाटोमा सरयु नदी पर्दो रहेछ । थाहै नदिइकन अचानक बाढी आएर मान्छे वगाएर लगेको कुरा सुने पछि डरले म आत्तिएर बाबालाइच्याप्प समाउन पुगेको सम्झन्छु । त्यो नदी हामीले हात्ती चढेर पार गरेको थियौ । हामी सबै राम राम गर्दै भगवान् लाइ सम्झदैं हात्तिकोपाइलासंगै अगाडि वढी रहेका थियौं ।

त्यतिवेलाको नेपाल विकट थियो विराटनगरवाट विरगंज जान पनि भारतको जयनगर हुदैं रक्सौल भएर जानु पर्थ्यो ।त्यो वेलाकोनेपालको विकट भौगोलिक परिस्थितिले वेग्लै टाउको दुखाइ हुन्थ्यो ।

आमा धेरै वर्ष पछि माईत टिका थाप्न जानु भएको थियो । शिकारका सौखिन सानो मामाले जंगल पसेर चित्तल मारेर ल्याउनु भएकोसम्झन्छु । मैले हरिणका आँखा यत्ति ठूला हुंदा रहेछन् भन्ने कुरा त्यही मरेको हरिण देखेर जानेको हुं ।

दशैं टीकाको दिन ऐका विहानै नुहाइओरी आमाले नयाँ लुगा लगाइ दिनु भयो । बाबा पनि सेतो कमिज र सुरूवालमा सांचै जमिन्दारकोज्वाई देखिनु भएको थियो । आमाले दिदीको पनि कपाल कोरीवाटी गरिदिनु भयो । सानी वहिनी असाध्यै राम्री पुतली जस्तै थिइ, आमाका काखमा

अटाउंथी । वातवरण सानदार थियो ।

टिकाको साइत विहान १० बजेको थियो । टिका लगाइदिनेहरू पनि प्रसस्तै हुनुहुन्थ्यो । हामी टिका थाप्नेहरू लहरै बसेका थियौं।

सबैले लहरै टिका लगाइ दिनु भयो । दक्षिणाको खाम हातमा अटाएन् । हामी वालखलाइ दक्षिणाको जिज्ञासा हुनु वालसुलभ सामान्यमनोविज्ञान थियो ।

हाम्रो वसाई ७ दिनको थियो । यता विराटनगर फर्के पछि अरू दाजु

भाइको मा पनि टिका थाप्नु थियो ।

अन्ततः विदा हुने दिन पनि आयो । आमा र हजुरवुवा

अंङ्कमाल गरेर रोएको सम्झन्छु ।
हामी अत्यन्त उत्साहपूर्वक मनाएको त्यो दशैंको चित्र आफ्नो

स्मरणको फ्रेममा सजाएर फेरि मूर्तिहाबाट गोरखपुर, कटिहार

हुंदै विराटनगरपुगौं ।

टिकाको दिन अझै केही दिन बांकी रहेछ, । हामीले

विराटनगरका दाजुभाइ आफन्तसंग पनि टिका दिन लिन

भ्यायौं !!

१०/१४/२१
राजमित्र प्रांगण,
माल्डेन,बोस्टन,अमेरीका

## दशैँको बालुवा र बागमती

**प्रमोद अमात्य**

"प्रमोद उठ, उठ" माँले कोठाको ढोका ढक्ढक्याउनु भयो ।
म र शोभना जऱ्याक्क जुरुक्क उठ्यौं । बिहानको चार बजेको थियो । यो आजभन्दा करिब करिब ३० वर्ष अघिको कुरा हो । आज घटस्थापनाको दिन, बागमती शङ्खमूलघाट छेउबाट बालुवा ल्याएर जौ/जमरा छर्ने दिन । त्यो दिन, पाटन सहर नै उर्लेर बागमती किनार पुग्ने दिन थियो । मानिसहरू बिहानको तीन बजेदेखि नै बागमती जाने तरखरमा थिए ।

धेरै पहिले, दशैंको जमरा छर्न बागमती जानेहरू उतै नदीमा नुहाएर शुद्ध भई बालुवा लिएर आउँथेँ । हाम्रो पालामा आएर, घर बनाउन नदीबाट बालुवा निकाल्ने काम बढेको र पानीको बहाव कम भएकोले, हामी नुहाउने झन्झट गर्दैन थियौँ । नदीको दुबै किनारमा बालुवा भने अझ पनि थियो । बालुवा किनारसँगैको बलौटे माटो भएको खेतमा आलु र बकुला अझ पनि फल्थ्यो । खेतमा फाट्टफुट्ट घरहरू पनि फल्न शुरु भैसकेको थियो । अब त त्यो बालुवाको किनार, कञ्चन पानी, आलु र बकुलाको कुरा दन्त्यकथा झैं भैसक्यो ।
फेरि विगततिर फर्कौं । हामी उठेर बागमतीतिर लाग्न तयार भयौँ । सानो प्लास्टिकको बाल्टी लियौं र निस्कियौँ । घरबाट बागमती पुग्न १५ मिनेट पनि लाग्दैन । अशोक सिनेमा हलसँगैको न्याढल टोलको भित्री बाटोबाट हामी तेर्सो तेर्सो गएर झातापोलको मूलबाटोतिर लाग्यौं । त्यहाँबाट बायाँ, थोरै ओरालो झरेर बगलामुखी-कुम्भेश्वर महादेव परिसर भित्र हुँदै, त्यहाँका सबै देवी देवताहरूलाई टाढाबाट नमस्कार गरेर शंखमूल जाने बाटो समाएर खुरुखुरु बागमतीतिर लाग्यौं । बागमती पुगेपछि हामी पनि त्यहाँको भिडमा मिसियौ, हातमुख धोएर बाल्टीमा बालुवा भर्यौं र फर्कियौँ । बाटोमा भेट हुनेहरूसँग बोल्दै, गफिँदै फर्किँदा पनि आनन्द आउँथ्यो उबेला ।

अब त्यो दिन सम्झनामा मात्र छ। दुःखको कुरा अब त, शंखमूल दुर्गन्धको मूल भैसक्यो । त्यो बलौटे आलु फाँट र त्यो पवित्र नदी छैन अब । त्यति मात्र नभएर घाटको फल्चा र पाटीमा अवैध कब्जा जमाउनेहरूको राज छ । घाटे वैद्य र अन्तिम संस्कारका सबै सेवाहरू नाममात्रको भइसक्यो । पाटनवासीहरू अब त अन्तिम संस्कारको लागि पशुपति जान बाध्य भैसके । मर्दा लाश जलाउने र बसेर श्राद्ध गर्ने इनार, भकारी आकारको ह्यपः छेउ पानी बग्दैन अचेल । नदीको किनार अब ह्यपःबाट अझ टाढी सकेको छ । सानोतिनो बाढीमा त्यही ढुङ्गे भकारीबाट नदीमा हामफालेर कति रमाउँथे मेरा साथीहरू । बाढी आउँदा आपदको बेलामा समाउन भनेर राखिएको मोटो

फलामे सिक्री पनि अब भेटिंदैन त्यो ढुङ्गे भकारीमा ।

हालसालै शंखमूल तलतिरको किनारमा कुनै लाल बुझक्कड इन्जिनियरले गारो लगाएर नदीको बाटो साँघुरो बनाइ दिएको छ । जबकि नदी नियन्त्रण गर्ने र नदी किनारमा कस्तो संरचना बनाउनु पर्छ भन्ने सिक्न देश देशान्तर गई पढ्नु पर्दैन, हाम्रा पुर्खाको परम्परागत ज्ञान र उनीहरूले बनाएका संरचनाहरूमात्र अध्ययन गरेमात्र पनि पुग्छ । दुखःको कुरा तर त्यती पनि गरेको देखिएन । फेरि दशैं कै कुरा गरौं, यहाँ अमेरिका हाम्रो घर छेउमा अमेरिकन रिभर छ । पहिले पहिले त्यो अमेरिकन रिभरमा सुन खोज्न आउनेहरू धेरै हुन्थे रे, त्यसैले यो बस्तीको नाम नै गोल्ड रिभर । त्यो नदी किनारमा प्रशस्त बालुवा छ । यसपालि पनि त्यो नदीबाट बालुवा ल्याएर जमरा रोप्यौं हामीले । नदी, किनार र वरपरको प्रकृति मनमोहक छ, पातलो जंगल पनि छ । जंगलमा कहिलेकाहीँ हरिण र बन कुखुरा पनि देखापर्छ । तर, आफूलाई भने नदी किनार नै मनपर्छ । नदीको बगर र बालुवामा जहिले पनि आँखा गाडेर हेर्छु । किन भन्नु भएको ? यसो एकदुई तोला सुन भेटिन्छ कि भनेर नि, अरू किन हुनु । सुन भेटिए त, जागीरबाट अवकाश लिएर, सुन खोज्दै, त्यतै खोला किनार डुलेर बस्न हुन्थ्यो, मखुला पासा ?


जे होस्, यो कोरोना कालमा अलि बचेर दशैं मनाउनु होला । आफ्ना र आफन्तहरू कहाँ नजानु होला, आफूकहाँ पनि नबोलाउनु होला । भव्य जमघट र रमाइलो दशैं मनाउन त अर्को साल छँदै छ नि । बडादशैंको मङ्गलमय शुभकामना ।।

*****

WISHING EVERYONE IS BLESSED WITH GOOD HEALTH, HAPPINESS AND PROSPERITY ON THE OCCASION OF HAPPY DASHAIN, TIHAR, NEPAL SAMBAT & CHHATH 2078



Dr. Ambika P. Adhikari
Member, ANA Board of Trustees
Phoenix, AZ, USA



## ANA Executive Committee (2020-2023)

***President*** - Bijay Raj Bhattarai, TX
***Senior Vice President*** - Bijaya Shrestha, MD
***Regional Vice Presidents***
- ***Canada Region***- Dr. Tulasi Dharel, Canada
- ***Eastern Region*** - Shailendra Khatri, NC
- ***Central Region*** - Thala Raj Pant, TX
- ***Western Region*** - Bhakta Thapa, CA

***General Secretary*** - Dr. Choodamani Khanal, FL
***Treasurer*** - Dr. Usha Sharma, MA
***Communication Director*** - Satish Tripathi, TX
***Women Coordinator*** - Dr. Pragati Ghimire Aryal, FL
***Youth Coordinator***- Laxman Pradhan, MD
***Joint Secretary*** - Binaya Gautam, Canada
***Deputy Treasurer*** - Radhakrishna Dhamala, VA

***Executive Members:***

Rajendra Khatiwada, IL
Arun Rupakheti, VA
Binod Tripathi, CO
Kishor Sapkota, KY
Rajendra Wagle, TX
Dr. Tika Lamsal, CA
Krishna Kusum, NJ
Samita Rai, FL
Dhruw K Jha, CA
Keshab Gyawali, TX
Nijananda Malla, FL
Rokesh Gurung, NY
Dr. Bishnu Ghimire, MD
Raju Joshee, MD
Madhav Bastakoti, Canada

*We are on the web*
*www.ANA1983.org*

**Board of Trustees:**
Dr. Shambhu Dhungana, CA– Chair
Dr. Ambika P. Adhikari, AZ
Dr. Kunjar Sharma, Canada
Mr. Roger Adhikari, CA
Mr. Veda Joshi, CA
Mr. Pralhad KC, MA
Mr. Anjan Shrestha, TX
Dr. Bidya Ranjeet, CT
Mr. Khagendra Adhikari, VA

**Former Presidents:**
Dr. Hari Sharma, NY
Dr. Kamal Pathak, NY
Dr. Amar Giri, PA (Late)
Dr. Kunjar Sharma, Canada
Mr. Pramod Sharma, FL
Dr. Shyam Karki, MD
Mr. Krishna Nirola, MD
Mrs. Amrit Tuladhar, AZ
Mr. Naveen Dutta, CO
Mr. Rogar Adhikari, CA
Dr. Shambhu Dhungana, CA
Mr. Medani Adhikari, VA
Mr. Khagendra Adhikari, DC









